# आर्थिक गतिविधि अध्ययन

# (प्रदेश नं.- १)

## वार्षिक प्रतिवेदन
(आ.व.२०७७/७८)




## नेपाल राष्ट्र बैंक
## विराटनगर कार्यालय

# भूमिका

नेपाल राष्ट्र बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जाको विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको संकलन, अध्ययन, प्रशोधन तथा विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन नियमित रुपमा प्रकाशन गर्दै आएको छ । साथै, यस बैङ्कले मौद्रिक नीति तर्जुमा, कार्यान्वयन तथा आवधिक रुपमा समीक्षा गर्न वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण समेत गर्दछ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी वनाउन आर्थिक गतिविधि अध्ययनको लागि सबै जिल्लाहरुलाई समेटिएको छ । सो सन्दर्भमा यस कार्यालयको आर्थिक गतिविधि अध्ययनको कार्यक्षेत्र समेत साविकका ९ वटा जिल्लाहरुबाट प्रदेश नं. १ अन्तर्गतका सबै १४ जिल्लाहरुमा (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ,सोलुखुम्बु ओखलढुङ्गा, खोटाङ र उदयपुर) विस्तार गरिएको छ । यस क्रममा आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न यस अघि कार्यान्वयनमा रहेको मार्गदर्शनमा समसामयिक संशोधन गरी बैंकले **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याएको छ । उक्त मार्गदर्शनको आधारमा कार्यालयको कार्यक्षेत्रभित्र पर्ने प्रदेश नं. १ अन्तर्गतका उल्लिखित सबै १४ जिल्लाहरुमध्ये ११ जिल्लाबाट स्थलगत तथा बाँकी ३ जिल्लाबाट गैह्रस्थलगत रुपमा संकलन गरिएको अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आ.व. २०७७/७८ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा आगामी परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा कोभिड-१९ महामारीको प्रतिकुलताका बावजुद आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालय, निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठान र सरोकारवाला निकायलाई हार्दिक आभार व्यक्त गर्दछु। साथै, आगामी दिनहरुमा पनि सम्बन्धित सरोकारवाला निकायको साथ र सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनु हुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उपनिर्देशक श्री अमृतबहादुर बुढाथोकी, सहायक निर्देशकद्वय श्री अच्युतकुमार थापा र श्री निर्जल घिमिरे, प्रधान सहायकहरु श्री सम्झना अधिकारी, श्री अशोक रेग्मी, श्री वेदनिधि घिमिरे, श्री रमेश निरौला तथा सहायक सुजन विश्वकर्मालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**सत्येन्द्र तिमिल्सिना**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, विराटनगर**

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **परिच्छेद १: कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** | **१** |
| १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | २ |
| १.२ अन्तरप्रदेश तुलना | ३ |
| १.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ४ |
| **परिच्छेद २: कृषि क्षेत्र** | **६** |
| २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| २.२ कृषि उत्पादन | ७ |
| २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ८ |
| २.४ सिँचाइ तथा मौसम | ९ |
| २.५ क्षेत्रगत कृषि कर्जा | १० |
| २.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १२ |
| **परिच्छेद ३: उद्योग क्षेत्र** | **१४** |
| ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन | १४ |
| ३.२ क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| ३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १६ |
| **परिच्छेद ४: सेवा क्षेत्र** | **१८** |
| ४.१ पर्यटन | १८ |
| ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| ४.३ वित्तीय सेवा | १९ |
| ४.४ यातायात तथा सञ्चार | २४ |
| ४.५ शिक्षा तथा स्वास्थ्य | २५ |
| ४.६ सेवा क्षेत्र कर्जा | २७ |
| ४.७ सेवा क्षेत्रको चुनौती र सम्भावना | २७ |
| **परिच्छेद ५: पूर्वाधार र रोजगारी** | **३२** |
| ५.१ पूर्वाधार क्षेत्र | ३२ |
| ५.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३५ |
| **परिच्छेद ६: आर्थिक परिदृष्य** | **३९** |
| ६.१ कृषि उत्पादन | ३९ |
| ६.२ औद्योगिक उत्पादन | ३९ |
| ६.३ सेवा क्षेत्र | ४० |
| ६.४ पूर्वाधार क्षेत्र | ४० |

| तालिका | शीर्षक |
|---|---|
| १ | प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र |
| २ | प्रमुख कृषि बालीको उत्पादन |
| ३ | प्रमुख पशुपंछी, माछा तथा वनजन्य उत्पादन |
| ४ | सिँचाइ |
| ५ | कृषि कर्जा |
| ६ | प्रमुख उद्योगको क्षमता उपयोग |
| ७ | औद्योगिक उत्पादन |
| ८ | क्षेत्रगत कर्जा |
| ९ | पर्यटन |
| ९.१ | पर्यटकस्तरीय होटलको विवरण(नमुना छनौट भएका) |
| १० | सार्वजनिक निर्माण तथा रियलस्टेट |
| ११ | बैंक तथा वित्तीय संस्थाका शाखा |
| १२ | निक्षेप तथा कर्जा |
| १३ | अन्य वित्तीय विवरण |
| १४ | इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी |
| १५ | फण्ड ट्रान्सफर |
| १६ | परिवर्त्य विदेशी मुद्रा खरिद विवरण |
| १७ | भारतीय मुद्रा खरिद बिक्री विवरण |
| १८ | बचत तथा ऋण सहकारी संस्थाको विवरण |
| १९ | यातायात सेवा |
| २० | शिक्षा सेवा |
| २१ | स्वास्थ्य सेवा |
| २२ | सञ्चार सुविधा |
| २३ | पूर्वाधार |
| २४ | बैदेशिक ब्यापार तथा रोजगारी |
| २५ | प्रत्यक्ष बैदेशिक लगानी (बार्षिक) |
| २६ | प्रादेशिक सरकारी वित्त |
| २७ | अर्थतन्त्रमा प्रभाव पार्ने ठूलाआयोजनाको विवरण |

| रेखाचित्र नं. | शीर्षक |
|---|---|
| रेखाचित्र १.१ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा मुख्य क्षेत्रहरुको योगदानको अवस्था |
| रेखाचित्र २.१ | प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र |
| रेखाचित्र २.२ | प्रमुख कृषि बालीको उत्पादन |
| रेखाचित्र २.३ | काठ उत्पादनको जिल्लागत अवस्था |
| रेखाचित्र २.४ | सिञ्चित क्षेत्रफल, खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलको अवस्था |
| रेखाचित्र २.५ | प्रदेश नं. १ मा सिँचाइका स्रोतको अवस्था |
| रेखाचित्र २.६ | कृषि कर्जा प्रवाहको अवस्था |
| रेखाचित्र २.७ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था |
| रेखाचित्र ३.१ | उद्योगको क्षमता उपयोगको अवस्था |
| रेखाचित्र ३.२ | उद्योगको उत्पादन वृद्धिदर अवस्था |
| रेखाचित्र ३.३ | औद्योगिक कर्जा लगानी स्थिति(अर्बमा) |
| रेखाचित्र ४.१ | घरजग्गा कारोवारको अवस्था |
| रेखाचित्र ४.२ | बैंक तथा वित्तीय संस्थाहरुको जिल्लागत शाखा |
| रेखाचित्र ४.३ | निक्षेप तथा कर्जा स्थिति |
| रेखाचित्र ४.४ | कुल निक्षेपको संरचना |
| रेखाचित्र ४.५ | स्थानीय तहमा विस्तार भएका शाखाको निक्षेप र कर्जाको जिल्लागत अवस्था |
| रेखाचित्र ४.६ | पुँजी, बचत र ऋण लगानीको अवस्था |
| रेखाचित्र ४.७ | यातायातका साधन संख्या |
| रेखाचित्र ४.८ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था (प्रतिशत) |
| रेखाचित्र ४.९ | सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था |
| रेखाचित्र ४.१० | जिल्लागत निजी तथा सरकारी अस्पताल संख्या |
| रेखाचित्र ४.११ | जिल्लागत सेवा क्षेत्र कर्जाको अवस्था |
| रेखाचित्र ५.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता) |
| रेखाचित्र ५.२ | स्थानीय तहको बजेट आकार (रु.अर्बमा) |
| रेखाचित्र ५.३ | स्थानीय तहको जिल्लागत बजेट आकार |

# कार्यकारी सारांश

प्रदेश नं. १ अन्तर्गतका १४ जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत भ्रमण गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७७/७८ को आर्थिक गतिविधि सम्बन्धी वार्षिक अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

- आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा समग्र कृषि बालीले ढाकेको कुल क्षेत्रफल ०.१ प्रतिशतले बढेको छ भने कृषि बालीहरुको उत्पादन ०.८ प्रतिशतले घटेको छ । प्रमुख खाद्य बालीबाहेकका अन्य बालीहरुको उत्पादनमा कमी आएकाले समग्र कृषि बालीहरुको उत्पादन घटेको देखिन्छ ।
- आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा धान उत्पादन २.४ प्रतिशत, मकै उत्पादन १.२ प्रतिशत तथा गहुँ उत्पादन ४.१ प्रतिशतले बढेको छ भने कोदो उत्पादन १.३ प्रतिशतले घटेको छ ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा तरकारी उत्पादन १.२ प्रतिशत र फलफूल तथा मसला उत्पादन ५.९ प्रतिशतले घटेको छ ।
- आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा दूध उत्पादन २.१ प्रतिशत, अण्डा उत्पादन ८.० प्रतिशत र माछा उत्पादन ६९.१ प्रतिशतले बढेको छ भने मासु उत्पादन ०.५ प्रतिशतले घटेको छ । विभिन्न जिल्लाहरुमा प्रदेश तथा संघीय सरकारको अनुदानमा पोखरी निर्माण सम्पन्न भएको तथा माछाका भुराहरुको उत्पादन तथा वितरणमा बढोत्तरी भएका कारण माछाको उत्पादनमा वृद्धि भएको देखिन्छ ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा काठ उत्पादन ३९.३ प्रतिशत, दाउरा उत्पादन १२.७ प्रतिशत र औषधिजन्य उत्पादन ४५.४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षमा कोरोना महामारीका कारण प्रदेश नं. १ का डिभिजन वन कार्यालयले रुख कटान गर्ने स्वीकृति नदिएको तर समीक्षा वर्षमा निजी वनको काठ कटानका लागि स्वीकृत दिएकाले काठ उत्पादन बढेको देखिन्छ ।
- आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा कुल सिञ्चित क्षेत्रफल २.१ प्रतिशत र कुल खेतीयोग्य क्षेत्रफल १.१ प्रतिशतले बढेको छ भने खेती गरिएको क्षेत्रफल ०.१ प्रतिशतले घटेको छ ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कृषि कर्जा ४१.७ प्रतिशतले बढेको छ ।
- २०७८ असार मसान्तमा कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ९.८ प्रतिशत रहेको छ ।

## उद्योग

- समीक्षा वर्षमा यस अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५२.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ५७.५ प्रतिशत रहेको थियो ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा यस प्रदेशमा तयारी कपडाको उत्पादन सबैभन्दा बढी ३८८.५ प्रतिशतले बढेको छ भने इँटाको उत्पादन सबैभन्दा बढी ७६.७ प्रतिशतले घटेको छ ।
- कोभिड संक्रमणको कारण सीमा नाका नियमित नहुँदा स्थानीय बजारमा आयातित तयारी कपडा कमी भई स्वदेशी लत्ताकपडाको माग बढेकाले तयारी कपडाको उत्पादन उल्लेख्य बढेको देखिन्छ भने सीमा नाका बन्द भई भारतीय मजदुरको आवागमन सहज नहुँदा कामदार अभावले पूर्ण क्षमतामा इँटा उद्योग सञ्चालन हुन नसकी इँटाको उत्पादनमा कमी आएको देखिन्छ ।

- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा नेपालबाट मुख्य रुपमा निर्यात हुने वस्तुमध्ये धागोको उत्पादन २६.६ प्रतिशत, फलामे छड तथा पत्ती (जस्तापाता सहित) को उत्पादन १४.० प्रतिशत, भटमासको तेल उत्पादन ५.९ प्रतिशतले बढेको छ भने वनस्पति घिउको उत्पादन ८.९ प्रतिशतले घटेको छ ।
- भारतीय बजारमा बनस्पति घिउको मागमा कमी आएकोले वनस्पति घिउ उत्पादन गर्ने उद्योगहरु पामतेल तथा भटमासको तेल उत्पादनमा रुपान्तरण भएकोले बनस्पति घिउको उत्पादनमा कमी आएको देखिन्छ ।
- २०७८ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३०.६ प्रतिशत रहेको छ ।

## सेवा

- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा पर्यटक आगमनको संख्या ५९.७ प्रतिशतले घटेको छ । तेस्रो मुलुकवाट आउने पर्यटकको संख्या सबैभन्दा बढी ९२.४ प्रतिशतले घटेको छ ।
- आर्थिक वर्ष २०७६/७७ को तुलनामा आ.व. २०७७/७८ मा यस प्रदेशमा घरजग्गा रजिष्ट्रेशन संख्या ३६.४ प्रतिशतले बढेको छ । त्यसैगरी, घर/भवन नक्सा पास संख्या ३.६ प्रतिशतले बढको छ ।
- समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका थप १३४ वटा शाखा विस्तार भएका छन् ।
- २०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको निक्षेप २४.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४६ अर्ब ५० करोड पुगेको छ ।
- २०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २६.४ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ८० अर्ब पुगेको छ ।
- २०७८ असार मसान्तमा प्रदेश नं. १ को कर्जा निक्षेप-अनुपात १३८.७ प्रतिशत रहेको छ ।
- समीक्षा वर्षमा पुनरकर्जा रु.९ अर्ब ५१ करोडले वृद्धि भई रु.१० अर्ब ३७ करोड पुगेको छ । २०७७ असार मसान्तमा यस्तो कर्जा रु.८६ करोड रहेको थियो ।
- २०७८ असार मसान्तसम्ममा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी ५९.७ प्रतिशत रहेको छ ।

## पूर्वाधार

- समीक्षा वर्षमा यस प्रदेशमा राष्ट्रिय तथा सहायक राजमार्ग गरी थप १०५४ किलोमिटर सडक विस्तार भई कुल सडक सञ्जाल ५,६४० किलोमिटर पुगेको छ ।
- समीक्षा वर्षमा प्रदेश नं. १ मा दुईवटा जल विद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई कुल ११ मे.वा. विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।
- समीक्षा वर्षमा प्रदेश नं. १ मा थप २,९५२ कि.मि. विद्युत प्रसारण तथा वितरण लाइन निर्माण सम्पन्न भएको छ ।

# परिच्छेद १: कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

केन्द्रीय तथ्याङ्क विभागले आर्थिक विकासका गतिविधिहरुको अनुगमन, मापन तथा मूल्याङ्कन गरी कृषि, उद्योग तथा सेवा क्षेत्रसँग सम्वन्धित समष्टिगत अर्थतन्त्रका परिसूचकहरु नियमितरुपमा प्रकाशन गर्दै आएको छ। यस क्रममा विभागले आर्थिक वर्ष २०७५/७६ देखि नीति निर्माणका लागि अत्यावश्यक हुने परिसूचकहरु प्रदेशगतरुपमा समेत प्रकाशन गर्दै आएको छ। विभागले आर्थिक वर्ष २०७६/७७ देखि IMF को GFS २०१४ को वर्गीकरणको आधारमा समष्टिगत तथ्याङ्क प्रकाशित गर्दै आएको छ। विभागले आ.व. २०६७/६८ लाई आधार वर्षको रुपमा लिएर परिसूचकहरु प्रकाशित गर्ने गरेको छ भने समग्र आर्थिक गतिविधिहरुको औद्योगिक वर्गीकरणको संख्या पनि १५ बाट बढाएर २१ पुऱ्याएको छ। विभागले आर्थिक बर्ष २०७७/७८ को सातदेखि नौ महिनासम्मको तथ्याङ्कको आधारमा २०७८ बैशाखमा केन्द्रीय लेखा सम्बन्धी तथ्याङ्क प्रकाशित गरेको थियो। आर्थिक वर्ष २०७७/७८ को नौ महिनासम्म कोभिड १९ का कारण अर्थतन्त्र प्रभावित भएतापनि निषेधाज्ञा खुकुलो भएसँगै आवागमन सहज हुने भएकोले पछिल्लो तीन महिनामा आर्थिक विकासका गतिविधिहरु पुनः सुचारु भई अर्थतन्त्र चलायमान हुने अनुमानका आधारमा विभागले कृषि, उद्योग तथा सेवा क्षेत्रका परिसूचकहरु प्रकाशित गरेको हो।

आर्थिक वर्ष २०७७/७८ को आर्थिक वृद्धिदर आधार मूल्यमा ३.९८ प्रतिशत र उपभोक्ताको मूल्यमा ४.०१ प्रतिशत हुने विभागको अनुमान रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः २.१२ र २.०९ प्रतिशतले ऋणात्मक रहेको थियो। त्यसैगरी, विभागले आर्थिक वर्ष २०७७/७८ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर आधार मूल्यमा क्रमशः २.६४ प्रतिशत, ५.०५ प्रतिशत र ४.४३ प्रतिशत रहने अनुमान गरेको छ।

आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २५.८ प्रतिशत, उद्योग क्षेत्रको १३.१ प्रतिशत र सेवा क्षेत्रको ६१.१ प्रतिशत योगदान रहने विभागको अनुमान रहेको छ।

**तालिका १.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्य)(प्रतिशत)**

| क्षेत्र | २०७७[स] | २०७८[प्रा] |
|---|---|---|
| कृषि | २.२३ | २.६४ |
| उद्योग | -३.६९ | ५.०५ |
| सेवा | -३.९७ | ४.४३ |
| **आर्थिक वृद्धि** | **-२.०९** | **४.०१** |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान( प्रचलित मूल्य)(प्रतिशत)** | | |
| कृषि | २६.२ | २५.८ |
| उद्योग | १३.४ | १३.१ |
| सेवा | ६०.४ | ६१.१ |

स: संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान,
स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

मुख्य औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.८ प्रतिशत र गैर-कृषिक्षेत्रको योगदान ७४.२ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्र (Manufacturing) को योगदान ५.१ प्रतिशत, थोक तथा खुद्रा व्यापारको १५.७ प्रतिशत, घरजग्गा कारोवारको ९.४ प्रतिशत, शिक्षा क्षेत्रको ८.१ प्रतिशत, वित्तीय मध्यस्थताको ६.९ प्रतिशत र निर्माण क्षेत्रको ५.७ प्रतिशत योगदान रहने अनुमान छ।

औद्योगिक वर्गीकरण अनुसार आर्थिक विकासका गतिविधिहरुको मापन गर्दा राष्ट्रियतहमा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार, घरजग्गा कारोवार सेवा र शिक्षा क्रमश दोस्रो, तेस्रो तथा चौथो स्थानमा रहेका छन्।

## १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

### १.१.१ प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको स्थिति

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७६/७७ मा प्रदेश नं. १ को आर्थिक वृद्धिदर १.२० प्रतिशतले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा उक्त वृद्धिदर ३.५४ प्रतिशत रहने अनुमान छ । विभागका अनुसार आर्थिक बर्ष २०७७/७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६ खर्ब ६३ अर्ब हुने अनुमान गरेको छ, जुन राष्ट्रिय अर्थतन्त्रको १५.६ प्रतिशत हो । समीक्षा वर्षमा प्रदेश नं. १ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.२ प्रतिशत, १६.२ प्रतिशत र ४८.६ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कृषि, उद्योग र सेवा क्षेत्रहरुको योगदान क्रमशः ३५.५ प्रतिशत, १६.४ प्रतिशत र ४८.१ प्रतिशत रहेको थियो ।

**तालिका १.२ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन स्थिति**

| विवरण | २०७६ | २०७७R | २०७८P |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादन** *(प्रचलित मूल्य रु.अर्बमा)* | **५९९.२** | **६१२.४** | **६६३.६** |
| कृषि (प्रतिशत) | ३३.७ | ३५.५ | ३५.२ |
| उद्योग (प्रतिशत) | १८.५ | १६.४ | १६.२ |
| सेवा (प्रतिशत) | ४७.८ | ४८.१ | ४८.६ |


P: प्रारम्भिक अनुमान, R: संशोधित अनुमान

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग

विभागका अनुसार औद्योगिक बर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी ३५.२ प्रतिशत रहेको छ । त्यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्रको हिस्सा १०.३ प्रतिशत, शिक्षा क्षेत्रको हिस्सा ८.० प्रतिशत, घरजग्गा कारोवार सेवा क्षेत्रको हिस्सा ७.५ प्रतिशत रहने अनुमान छ भने सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको हिस्सा ७.३ प्रतिशत रहने अनुमान छ ।

औद्योगिक वर्गीकरण अनुसार आर्थिक विकासका गतिविधिहरुको मापन गर्दा प्रादेशिक तहमा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार, शिक्षा र घरजग्गा कारोवार सेवा क्रमशः दोस्रो, तेस्रो तथा चौथो स्थानमा रहेका छन् ।

**रेखाचित्र १.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा मुख्य क्षेत्रहरुको योगदानको अवस्था**




स्रोत : केन्द्रिय तथ्याङ्क विभाग

### १.१.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०७७/७८ मा मुलुकको कृषि क्षेत्रको कुल उत्पादनमा प्रदेश नं. १ को हिस्सा २१.५ प्रतिशत रहेको छ भने उद्योग क्षेत्रको उत्पादनमा १९.५ प्रतिशत र सेवा क्षेत्रमा १२.६ प्रतिशत योगदान रहेको छ। अघिल्लो आर्थिक वर्ष कृषि, उद्योग र सेवा क्षेत्रमा प्रदेश नं. १ को हिस्सा क्रमशः २१.५ प्रतिशत, १९.५ प्रतिशत र १२.६ प्रतिशत रहेको थियो ।

| तालिका १.३ :राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६** | **२०७७R** | **२०७८P** |
| **कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा** | **१५.५** | **१५.६** | **१५.६** |
| कृषि क्षेत्र | २१.४ | २१.५ | २१.५ |
| उद्योग क्षेत्र | १९.५ | १९.५ | १९.५ |
| सेवा क्षेत्र | १२.६ | १२.६ | १२.६ |
| R: प्रारम्भिक अनुमान, P: संशोधित अनुमान | | | |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

## १.२ अन्तरप्रदेश तुलना

### १.२.१ कृषि, उद्योग तथा सेवाको स्थिति

मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा प्रदेश नं. १ को योगदान सबैभन्दा बढी २१.५ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ५.२ प्रतिशत रहने विभागको अनुमान रहेको छ। त्यसैगरी, मुलुकको समग्र औद्योगिक उत्पादनमा प्रदेश नं. १ को उद्योग क्षेत्रको योगदान १९.५ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३०.५ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.३ प्रतिशत रहने अनुमान छ। यसैगरी, मुलुकको कुल सेवा क्षेत्रमा प्रदेश नं. १ को योगदान १२.६ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको सबैभन्दा बढी ४६.७ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.७ प्रतिशत योगदान रहने अनुमान छ।

| तालिका १.४ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व २०७७/७८) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **प्रदेश १** | **प्रदेश २** | **वाग्मती** | **गण्डकी** | **लुम्बिनी** | **कर्णाली** | **सुदुर पश्चिम** |
| कृषि क्षेत्रमा योगदान (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ |
| उद्योग क्षेत्रमा योगदान (प्रतिशत) | १९.५ | ११.८ | ३०.५ | ११.६ | १५.९ | ३.३ | ७.४ |
| सेवा क्षेत्रमा योगदान (प्रतिशत) | १२.६ | ११ | ४६.७ | ७.८ | १२.३ | ३.७ | ५.८ |
| **कुल गार्हस्थ्य उत्पादनमा योगदान** | **१५.६** | **१३.२** | **३७.७** | **८.७** | **१४.०** | **४.०** | **६.९** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

बागमती प्रदेशबाहेक सबै प्रदेशमा कृषि क्षेत्रको हिस्सा मुख्य रहेको छ भने तीव्र शहरीकरण, बढ्दो जनसंख्या, ठ'लार अधिक व्यापारिक कारोबार हुने भएकोले बागमती प्रदेशको थोक तथा खुद्रा व्यापार क्षेत्रको हिस्सा सबैभन्दा बढी देखिन्छ।

प्रदेशगत रुपमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ४.६५ प्रतिशत रहेको अनुमान छ भने प्रदेश नं.२ को आर्थिक वृद्धिदर सबैभन्दा कम ३.५१ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्षको सोही अवधिमा बागमती प्रदेशको आर्थिक वृद्धिदर ३.७० प्रतिशत रहेको थियो भने प्रदेश नं. २ को आर्थिक वृद्धिदर १.७ प्रतिशतले ऋणात्मक रहेको थियो।

| तालिका १.५ आर्थिक वृद्धि(अधार मूल्य) (प्रतिशत) | | |
|---|---|---|
| **प्रदेश** | **२०७७** | **२०७८** |
| **प्रदेश १** | -१.२० | ३.५४ |
| **प्रदेश २** | -१.७० | ३.५१ |
| **वाग्मती** | -३.७० | ४.६५ |
| **गण्डकी** | -१.६० | ३.५६ |
| **लुम्बिनी** | -१.७० | ३.८१ |
| **कर्णाली** | ०.५० | ३.७७ |
| **सुदूर पश्चिम** | ०.४० | ३.५६ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

### १.२.२ वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

वित्तीय सेवा तथा उपकरणमा सर्वसाधारणको पहुँचका दृष्टिकोणले बागमती प्रदेश अग्रस्थानमा रहेको छ भने कर्णाली प्रदेश सबैभन्दा पछि परेको देखिन्छ। कुल निक्षेप परिचालनमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी ६७.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको सबैभन्दा कम १.२ प्रतिशत योगदान रहेको छ। कुल निक्षेप परिचालनमा प्रदेश नं. १ को योगदान ७.३ प्रतिशत रहेको छ।

कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५६.४ प्रतिशत रहेको छ भने दोस्रो स्थानमा प्रदेश नं. १ को अंश ११.५ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.२ प्रतिशत रहेको छ। कुल कृषि कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३६.२ प्रतिशत तथा दोस्रो स्थानमा प्रदेश नं. १ मा १६.८ प्रतिशत कर्जा प्रवाह भएको छ। त्यसैगरी कर्णाली प्रदेशमा सबैभन्दा कम १.४ प्रतिशत कृषि कर्जा प्रवाह भएको छ।

प्रतिशाखा सेवा प्रवाह भएको जनसंख्या गण्डकी प्रदेशमा सबैभन्दा कम १,८५१ जना रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा बढी ४,४५७ जना रहेका छ। प्रदेश नं. १ मा प्रतिशाखा सेवा प्रवाह भएको जनसंख्या २,९११ रहेको छ।

**तालिका १.६ प्रदेशगत वित्तीय सेवा तथा उपकरण परिचालनको अवस्था**

| विवरण | प्रदेश १ | प्रदेश २ | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सूदुर पश्चिम | कुल |
|---|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश (%) | ७.३ | ५.२ | ६७.७ | ७.८ | ८.५ | १.२ | २.३ | १०० |
| कुल कर्जामा अंश(%) | ११.५ | ८.८ | ५६.४ | ७.६ | ११.४ | १.२ | ३.१ | १०० |
| प्राथमिकता प्राप्त कर्जाको अंश(%) | १२.२ | १०.५ | ५२.६ | ७.३ | १२.५ | १.१ | ३.८ | १०० |
| कृषि कर्जाको अंश(%) | १६.८ | १६.० | ३६.२ | ९.५ | १५.७ | १.४ | ४.४ | १०० |
| सहुलितपूर्ण कर्जाको अंश(%) | १७.७ | ९.३ | ३५.७ | १५.२ | १५.७ | १.५ | ५.० | १०० |
| पुनरकर्जा कर्जाको अंश(%) | ९.९ | ७.१ | ५२.० | ११.४ | १३.४ | १.९ | ४.३ | १०० |
| मोवाइल बैंकिङ्ग प्रयोगकर्ता(%) | १३.७ | ९.६ | ३९.५ | ११.५ | १६.२ | २.९ | ६.५ | १०० |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता(%) | ८.० | ७.६ | ६८.६ | ६.६ | ६.९ | ०.६ | १.७ | १०० |
| प्रतिशाखा जनसंख्या (क,ख,ग,घ) | २९११ | ३९५२ | २३९१ | १८५१ | २४९१ | ४४५७ | ३८२६ | २८४४ |

स्रोत : नेपाल राष्ट्र बैंक

## १.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

हिमाल, पहाड र तराईसम्म फैलिएको प्रदेश नं. १ मा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन्। यस प्रदेशको पूर्वतर्फ भारतको सिक्किम, पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन्। यसैगरी, उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ प्रदेश नं. २ र प्रदेश नं. ३ पर्दछन्। यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. तथा कुल जनसंख्या ४५,३४,९४३ रहेको छ।

### प्रादेशिक क्षमता तथा सम्भावना

- समग्र मुलुकको कृषि उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २१.५ प्रतिशत रहेको तथ्यले कृषिमा आधुनिक प्रविधिको प्रयोग, लगानीको विस्तार तथा पूर्वाधार विकासको माध्यमबाट कृषि क्षेत्रको व्यावसायिकरण गरी कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गर्न सकिने साथै आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ।
- यस प्रदेशको भौगोलिक तथा जलवायु विविधता, जैविक विविधता, सामाजिक, धार्मिक तथा साँस्कृतिक विविधता, मनोरञ्जनको सम्भाब्यता, दुई छिमेकी राष्ट्र भारत र चीनसँगको सामिप्यताबाट लाभ हासिल गर्न पर्यटन पूर्वाधारमा लगानी गरी पर्यटन क्षेत्रलाई विप्रेषण पछिको दोस्रो विदेशी मुद्रा आर्जन गर्ने दिगो बैकल्पिक स्रोतको रुपमा विकास गर्न सकिने देखिन्छ।

- अरुण, तमोर, दूधकोशी, मेची, कन्काई, त्रियुगा लगायतका उच्च हिमालय र महाभारत शृङ्खला उदगमस्थल भएका वर्षैभरी निरन्तर जलप्रवाह हुने नदीहरू यस प्रदेशमा रहेकोले सिँचाइ, जलविद्युत, जल यातायात विकासको सम्भावना रहेको छ। स्वदेशी तथा विदेशी लगानी परिचालन गरी विद्युत उत्पादन तथा सिँचाइको समुचित विकास गर्न सकिएमा विद्युतमा आत्मनिर्भर हुनुको साथै कृषिको मौसमी निर्भरता कम भई कृषियोग्य भूमिको उत्पादकत्व तथा कृषि उत्पादनमा वृद्धि भई औद्योगिकरणमा टेवा पुगी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा उल्लेखनीय योगदान पुग्ने देखिन्छ।
- भारत र चीन दुवै देशसँग सीमाना जोडिनुको साथै यस प्रदेशमा रहेका कोशी तथा मेची राजमार्गले समेत दुबै छिमेकी मुलुकसम्मको पहुँच सहज बनाएकोले विदेशी लगानीका उद्योग तथा कलकारखानाहरु स्थापना गर्न सके उत्पादित वस्तु तथा सेवा निकासी गर्न तुलनात्मक रुपले निकै सहज हुने देखिन्छ। त्यसैगरी, मध्यपहाडी लोकमार्ग तथा लोकमार्गसम्म जोड्ने सहायक मार्गहरुको तीव्र निर्माण तथा विस्तारको कारण ग्रामीण क्षेत्रका उत्पादनको लागि आन्तरिक तथा बाह्य बजार सुनिश्चित हुँदै गएकोले कृषिजन्य तथा औद्योगिक उत्पादनको आन्तरिक तथा निर्यात व्यापार विस्तार हुने देखिन्छ।
- प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको सन्दर्भमा सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औद्योगिक उत्पादनले निर्यात व्यापार प्रवर्द्धन तथा आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउने देखिन्छ।

## चुनौती

प्रदेशले समृद्धि हासिल गर्न सक्ने उल्लिखित क्षमता तथा सम्भावनाको यथार्थपरक रुपान्तरणमा निम्नानुसारका चुनौतीहरु रहेका छन।


- आवधिक योजनाले निर्दिष्ट गरेका आर्थिक विकासको रणनीतिक लक्ष्य अनुरुप हुने गरी वार्षिक वजेटमा पर्याप्त रकम विनियोजन सहित क्षेत्रगत प्राथमिकतालाई निरन्तरता प्रदान गरी आवधिक योजनाको लक्ष्य हासिल गर्नु।
- कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रदायक निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरुमा सम्बन्धित सूचना तथा तथ्याङ्क व्यवस्थित भण्डारण नहुँदा प्राप्त हुने कतिपय तथ्याङ्क, सूचना तथा विवरण पूर्णरुपमा भरोसायोग्य बनाई तथ्यमा आधारित दिगो नीति निर्माण गर्नु।
- संघ, प्रदेश र स्थानीय सरकारका लक्ष्य र प्राथमिकताकाबीचमा तादात्म्यता मिलाई स्रोत र साधनको प्रभावकारी वितरण तथा परिचालन गर्नु।
- बढ्दो आयातका कारण स्वदेशी उद्योग प्रतिस्थापन हुनबाट संरक्षण गर्नु।
- प्रदेशभित्र उच्च तुलानात्मक लाभ भएका वस्तु तथा सेवाको उत्पादन र व्यवसायको प्रवर्द्धन गरी दुई ठूला छिमेकी देशको वजारबाट लाभ लिन सक्ने वातावरण वनाउनु।
- यस प्रदेशका तुलानात्मक लाभ हुन सक्ने कृषि, पर्यटन, जलविद्युत आदि क्षेत्रको पहिचान, विकास तथा प्रवर्द्धन गरी दुई ठूला छिमेकी देशको बजारबाट लाभ लिन सक्ने वातावरण बनाउनु।
- बिकट भौगालिक अवस्थाको बावजुद वित्तीय पहुँचको विस्तार गर्ने तथा वित्तीय सचेतनाको माध्यमबाट वित्तीय समावेशिता बढाई उपलब्ध वित्तीय उपज तथा उपकरणको उपयोग बढाउनु।
- आन्तरिक लगानी क्षमता सीमित रहेको सन्दर्भमा प्रदेशको समृद्धि र विकासको लागि स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु।

# परिच्छेद २: कृषि क्षेत्र

## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.५ प्रतिशतले बढेको थियो।

**रेखाचित्र २.१ : प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र**




स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### २.१.१ खाद्य तथा अन्य बाली

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ०.६ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १.१ प्रतिशत रहेको थियो।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल २.२ प्रतिशतले बढेको छ। मकै बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल १.२ प्रतिशत र कोदो बालीले ढाकेको क्षेत्रफले १.४ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा धान बालीले ढाकेको क्षेत्रफल १.७ प्रतिशतले घटेको थियो भने मकै बालीले ढाकेको क्षेत्रफल यथावत रहेको थियो। गहुँ बाली र कोदो बालीले ढाकेको क्षेत्रफल क्रमश: ७.६ प्रतिशत र ७.७ प्रतिशतले बढेको थियो।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान बालीको अंश सबैभन्दा बढी ३६.० प्रतिशत रहेको छ भने मकै बालीको अंश ३१.५ प्रतिशत, गहुँ बालीको अंश ६.७ प्रतिशत र कोदो बालीको अंश ७.७ प्रतिशत रहेको छ। समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी झापा जिल्लामा १९.२ प्रतिशत र सबैभन्दा कम ताप्लेजुङ जिल्लामा ३.० प्रतिशत रहेको छ।

### २.१.२ तरकारी

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ९.२ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा यस प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी मोरङ जिल्लामा १९.१ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा १.३ प्रतिशत रहेको छ।


### २.१.३ फलफूल तथा मसला

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ७.७ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त क्षेत्रफल २.१ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा यस प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी ईलाम जिल्लामा २२.१ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ०.९ प्रतिशत रहेको छ।

## २.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ०.८ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ४.० प्रतिशतले बढेको थियो।

**रेखाचित्र २.२ : प्रमुख कृषि बालीको उत्पादन**




स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### २.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन ०.१ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ३.० प्रतिशतले बढेको थियो।

समीक्षा वर्षमा धान उत्पादन २.४ प्रतिशत, मकै उत्पादन १.२ प्रतिशत, गहुँ उत्पादन ४.१ प्रतिशतले बढको छ भने कोदोको उत्पादन १.३ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा धान उत्पादन ०.६ प्रतिशत, मकै उत्पादन ४.८ प्रतिशत र कोदो उत्पादन ६.४ प्रतिशतले बढेको थियो भने गहुँ उत्पादन १०.७ प्रतिशतले घटेको थियो।

**तालिका: २.१ खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको अंश, कुल उत्पादनमा योगदान र उत्पादकत्व**

| बाली | उत्पादनमा योगदान | ढाकेको क्षेत्रफलको अंश | उत्पादकत्व |
|---|---|---|---|
| धान | ३३.३ | ३६.० | ३.९ |
| मकै | २३.१ | ३१.५ | ३.१ |
| गहुँ | ४.४ | ६.७ | २.८ |
| कोदो | २.५ | ७.७ | १.४ |
| आलु | २५.३ | ७.२ | १४.६ |
| अन्य | ११.४ | १०.८ | - |
| कुल | १००.० | १००.० | |

स्रोत: कृषि ज्ञान केन्द्र

समीक्षा वर्षमा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३३.३ प्रतिशत, मकै उत्पादनको अंश २३.१ प्रतिशत, गहुँ उत्पादनको अंश ४.४ प्रतिशत र कोदो उत्पादनको अंश २.५ प्रतिशत रहेको छ। समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा सबैभन्दा बढी झापा जिल्लाको २४.४ प्रतिशत र सबैभन्दा कम ओखलढुङ्गा जिल्लाको ०.७ प्रतिशत योगदान रहेको छ।

### २.२.२ तरकारी

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा तरकारी बाली उत्पादन १.२ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन ८.८ प्रतिशत बढेको थियो। समीक्षा वर्षमा तरकारी तथा बागवानीसँग सम्बन्धित जिल्लागत उत्पादनमध्ये सबैभन्दा बढी झापा जिल्लामा २१.१ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा १.१ प्रतिशत योगदान रहेको छ।

### २.२.३ फलफूल तथा मसला

समीक्षा वर्षमा फलफूल तथा मसलाको समग्र उत्पादन ५.९ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन ५.४ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा फलफूल तथा मसलासँग सम्बन्धित उत्पादनमा जिल्लागत योगदानको आधारमा सबैभन्दा बढी झापा जिल्लाको २४.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम ओखलढुङ्गा जिल्लाको ०.७ प्रतिशत योगदान रहेको छ।

### २.२.४ मह

समीक्षा वर्षमा प्रदेश नं. १ मा १०.० मेट्रिक टन मह उत्पादन भएको छ। अघिल्लो आर्थिक बर्षको सोही अवधिमा यस्तो उत्पादन ७.० मेट्रक टन रहेको थियो। समीक्षा वर्षमा मह उत्पादनमा जिल्लागत योगदानको आधारमा सबैभन्दा बढी उदयपुर जिल्लाको ७७.७ प्रतिशत योगदान रहेको देखिन्छ।

समीक्षा वर्षमा प्रदेश नं. १ सरकारको सहयोगमा विभिन्न जिल्लामा रहेका कृषि ज्ञान केन्द्रले युवा लक्षित कार्यक्रम अन्तर्गत मौरी तथा घार वितरण गरेकाले महको उत्पादन बढेको देखिन्छ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### २.३.१ पशुजन्य उत्पादन

समीक्षा वर्षमा दूध र अण्डाको उत्पादन क्रमशः २.१ प्रतिशत र ८.० प्रतिशतले बढेको छ भने मासुको उत्पादन ०.५ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा दूध र अण्डाको उत्पादन क्रमशः ३.१ प्रतिशत र ०.७ प्रतिशतले बढेको थियो भने मासुको उत्पादन ०.५ प्रतिशतले घटेको थियो।

समीक्षा वर्षमा दूध उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २९.७ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम १.१ प्रतिशत रहेको छ। समीक्षा वर्षमा मासु उत्पादनमा झापा जिल्लाको अंश सबैभन्दा बढी १८.७ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम २.३ प्रतिशत रहेको छ।

### २.३.२ माछा उत्पादन


समीक्षा वर्षमा माछा उत्पादन ६९.१ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ४.३ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा माछा उत्पादनमा जिल्लागत योगदानको आधारमा मोरङ जिल्लाको सबैभन्दा बढी ४५.६ प्रतिशत योगदान रहेको छ। यस प्रदेशमा भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट अनुदानमा पोखरी निर्माण भई माछाका भुरा उत्पादन तथा वितरणमा वृद्धि भएकाले माछा उत्पादन बढेको देखिन्छ।

### २.३.३ वनजन्य उत्पादन

समीक्षा वर्षमा काठ उत्पादन ३९.३ प्रतिशत, दाउरा उत्पादन १२.७ प्रतिशत र औषधिजन्य उत्पादन ४५.४ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षमा काठ तथा दाउराको उत्पादन क्रमशः २६.६ प्रतिशत र उत्पादन ३३.८ प्रतिशतले घटेको थियो भने औषधिजन्य उत्पादन १.९ प्रतिशतले बढेको थियो।

अघिल्लो आर्थिक वर्ष कोरोना महामारीका कारण प्रदेश नं. १ का डिभिजन वन कार्यालयले रुख कटान गर्ने स्वीकृति नदिएको तर समीक्षा वर्षमा प्रदेश नं. १ का डिभिजन वन कार्यालयले निजी वनको काठ कटानका लागि स्वीकृत दिएको तथा ग्रामीण इलाकामा सडक सुविधाको पहुँच पुगेकाले काठ उत्पादन बढेको देखिन्छ ।

**रेखाचित्र २.३: काठ उत्पादनको जिल्लागत अवस्था**





स्रोत: डिभिजन वन कार्यालय

## २.४ सिँचाइ तथा मौसम

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा प्रदेश नं. १ मा कुल सिञ्चित क्षेत्रफल २.१ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २ प्रतिशतले बढेको थियो ।

**रेखाचित्र २.४: सिञ्चित क्षेत्रफल, खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलको अवस्था**





समीक्षा वर्षमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३५.० प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३४.६ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा कुल खेतीयोग्य क्षेत्रफलमध्ये सुनसरी जिल्लामा सबैभन्दा बढी ९३.४ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ भने सोलुखुम्बु जिल्लामा सबैभन्दा कम ०.६ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोबाट सिञ्चित क्षेत्रफल २.४ प्रतिशत, पोखरीबाट ९.८ प्रतिशत, नहरबाट १.२ प्रतिशत र बोरिङ्गबाट ३.० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल २.५ प्रतिशत, नहरबाट १.२ प्रतिशत, पोखरीबाट ८.९ प्रतिशत र बोरिङ्गबाट २.६ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा कुलोको योगदान ४२.० प्रतिशत, नहरको योगदान ४०.५ प्रतिशत, पोखरीको योगदान ०.९ प्रतिशत र बोरिङ्गको १५.५ प्रतिशत योगदान रहेको छ ।

**रेखाचित्र २.५ : प्रदेश नं. १ मा सिँचाइका स्रोतको अवस्था**





स्रोतः अध्ययन क्षेत्रका जलस्रोत तथा सिचाई डिभिजन कार्यालय ।

## २.५ क्षेत्रगत कृषि कर्जा

२०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रदेश नं. १ को कृषि क्षेत्रमा प्रवाहित कर्जा ४१.७ प्रतिशतले वृद्धि भई रु.४६ अर्ब २९ करोड पुगेको छ। २०७७ असार मसान्तसम्म यस क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.३२ अर्ब ६६ करोड रहेको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कृषि कर्जाका विभिन्न शीर्षकमध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा सबैभन्दा बढी ३२.१ प्रतिशत र सिँचाइ शीर्षकमा सबैभन्दा कम ०.०१ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**रेखाचित्र २.६: कृषि कर्जा प्रवाहको अवस्था**





स्रोत: बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कुल कर्जा प्रवाहमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ९.८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको अंश ८.८ प्रतिशत रहेको थियो ।

यसैगरी, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित शीर्षकहरुमा जिल्लागतरुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ३१.३ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ ।

**रेखाचित्र २.७: जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था**




स्रोत : स्रोत: बैंक तथा वित्तीय संस्था नियमन विभाग

## २.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

**चुनौती**

- खुला सिमानाको कारण कृषिजन्य उपजहरुको अत्याधिक चोरी पैठारी हुने हुँदा उत्पादित कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्नु र सोको कार्यान्वयन गर्नु ।
- कतिपय कृषि उपज तथा तरकारीको उत्पादनदेखि अन्तिम उपभोक्तासम्म हाल कायम रहेको मध्यस्थकर्ताहरुको तहगत सञ्जाल तोडी कृषकहरुलाई उत्पादित कृषि उपजको उचित मूल्य दिलाउनु ।
- माटोको उर्वराशक्ति, मल तथा बीउबीजन परीक्षण गर्ने प्रयोगशालाको स्थानीयतहसम्म विस्तार गर्ने ।
- कृषकहरुलाई रासायनिक मल आवश्यक भएको समयमा सुलभ मूल्यमा सहजरुपमा उपलब्ध हुने सुनिश्चितता प्रदान गरी मल मध्यस्थकर्ताहरुको चंगुलबाट कृषकहरुलाई जोगाउनु ।
- कृषि सम्बन्धी दक्ष प्राविधिक जनशक्तिको अभावलाई परिपूर्ति गर्दै हाल संघीय, प्रदेश तथा स्थानीयतहमा छरिएर रहेका कृषि सम्बन्धी दक्ष प्राविधिक जनशक्तिले प्रदान गर्ने सेवा स्थानीय कृषकको पहुँचसम्म पुऱ्याउने ।
- हाल कार्यान्वयनमा रहेको नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजमध्ये यस प्रदेशमा उत्पादन हुने उच्च मूल्यका कृषि उपजको पहिचान, उत्पादन र बजारीकरण गर्नु ।
- सिँचाइका पूर्वाधारमा लगानी वृद्धि गरी हालको मौसमी निर्भरता न्यूनीकरण गर्नु ।
- बढ्दो शहरीकरणको कारण भईरहेको खेतीयोग्य जमिनको खण्डीकरण रोक्ने तथा बाँझो रहेको खेतीयोग्य जमिनको व्यावसायिक कृषि प्रयोजनमा उपयोग गर्ने नीतिगत व्यवस्थाको व्यावहारिक कार्यान्वय गर्नु ।
- सहुलियतपूर्ण कृषि तथा पशुपन्छी कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै कोरोना महामारीका कारण विदेश तथा स्वदेशमा रोजगारी गुमाई आफ्नो गाउँघर फर्किएका श्रमशक्तिलाई व्यवसायिक रुपमा कृषि पेशा अँगाल्न आकर्षित गर्ने र टिकाई राख्ने ।
- शीत भण्डारको निर्माण तथा उपलब्ध शीतभण्डारको पूर्णक्षमतामा उपयोग हुनेगरी मौसमी तरकारी र फलफूलहरुको उत्पादन वृद्धि गर्नु ।
- परम्परागत प्रविधिमा आधारित हालको खेतीप्रणालीमा सुधार गरी आधुनिक कृषि औजार/उपकरण, उन्नत मल, बीउ आदिको सहज र सुलभ उपलब्धता सुनिश्चित गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- रासायनिक मलको अधिक प्रयोगबाट क्षय हुन सक्ने माटोको उर्वराशक्ति जोगाई राख्न प्राङगारिक मलको उत्पादन तथा प्रयोग बढाउनु ।

**सम्भावना**

- संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एवम् प्रदेश नं. १ सरकारबाट सञ्चालित प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सके यस प्रदेशमा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुने देखिन्छ ।
- एकिकृत कृषिबालीको साथ व्यावसायिक पशुपंक्षीपालन गर्न कृषकलाई प्रोत्साहन गर्न सके कृषकको आय स्तरमा वृद्धि हुने ।

- संघ, प्रदेश एवं स्थानीय तहबाट सञ्चालन हुने कृषि सम्बन्धी प्रविधिक तालीम तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रमले कृषकहरुको पेशाप्रतिको आत्माविश्वास बढ्नुका साथै कृषि व्यवसायप्रति सर्वसाधरणको आकर्षण बढ्ने देखिन्छ ।

- रासायानिक मलको अवैज्ञानिक प्रयोगले माटोको उर्वराशक्तिमा ह्रास ल्याउने भएकोले कृषि बाली अनुसारको मल उत्पादन गर्ने Chemical Fertilizer Mixing Factory स्थापना गर्न सकेमा माटोको उर्वराशक्ति बचाउन सकिने ।

- पहाडमा बाँझो रहेका जमिनहरुमा हर्रो, बर्रो, अमला, बेल तथा रिठ्ठा जस्ता वनजन्य उत्पादनको व्यावसायिक खेती गरी आर्युवेदिक औषधिका कच्चा पदार्थ उत्पादन गरी औषधिजन्य कच्चा पदार्थको आन्तरिक उत्पादन बढाउन सकिने ।

- कोदो, फापर तथा मकैको पिठो, जौ तथा मकैको सातु, वेसार, अलैची, गेडागुडीको दाल, घिउ, सिस्नोको धुलो, कफी, तरकारी, फलफूल, खसीबोका र लोकल कुखुरा जस्ता अर्गानिक कृषिजन्य उपजको आन्तरिक तथा नेपालीहरु अत्यधिक वसोवास गर्ने संसारका विभिन्न मुलुकमा समेत अत्यधिक माग रहेकोले यस प्रदेशको मध्य पहाडी क्षेत्रलाई उक्त उपजहरुको उत्पादन हवको रुपमा विकास गर्न सकिने ।

- नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजबाहेक यस प्रदेश अन्तर्गत रहेका १४ जिल्लामा उत्पादन हुने कृषि उपजको जिल्लागत रुपमा तुलानात्मक लाभको अध्ययन गरी सोही अनुसार तरकारी, फलफूल वा अन्य कृषि उपजको पकेट क्षेत्र तोकी निर्यातयोग्य कृषि उपजको उत्पादन वृद्धि गर्न सकिने । जस्तैः किवी, वेल, एभोकाडो, सुन्तला, कागती (भोजपुर), रुद्राक्ष, ड्रागनफ्रुट, सुपारी, प्राकृतिक रबर आदि ।

- यस प्रदेशको उच्च हिमाली भेगमा प्रशस्त मात्रामा खर्क, चौर तथा चरन क्षेत्र भएकाले पशुपालन (चौरीपालन, भेडापालन, बाख्रापालन) तथा जडिबुटी (चिराइतो, पाँचऔले, जटामसी, पाषणभेद जस्ता) खेतीको प्रवर्द्धन तथा पहाडी भेगमा किवी, नासपाती, आरुबखडा, आल्चा जस्ता फलफूलहरुबाट उत्पादन हुने वाइन, जाम, जुस र जेली उद्योग स्थापना गर्न सकिने ।

- विस्तार हुँदै गएको सडक सञ्जालले उच्च तथा मध्य पहाडी भु-भाग र घना बस्ती भएका तराईका शहर तथा जिल्ला सदरमुकामबीचको पँहुच सहज हुँदै गएकोले तरकारी, औषधिजन्य वस्तु तथा पशुपालन व्यवसायमा संलग्न हुने जनसंख्या बढ्दै जाने ।

- विश्व बजारमा अर्गानिक हरियो चिया (Green Tea) को माग अत्यधिक रहेको सन्दर्भमा हरियो चियाको नेपाली ब्राण्ड स्थापना गरी तेस्रो मुलुकमा निर्यात गर्न सकेमा चिया खेती विस्तार भई व्यापार सन्तुलनमा टेवा पुग्ने ।

- पूर्व-पश्चिम लोकमार्ग र हुलाकी मार्गको स्तरोन्नति, मध्य पहाडी लोकमार्ग, तराई–पहाड जोड्ने मार्गका साथै मुख्य राजमार्गसँग जोडने अन्य सहायक मार्गहरुको तीव्र गतिमा भइरहेको निर्माणले सडक सञ्जालको विस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारी छिमेकी मुलुकमा निर्यात गर्न सकिने सम्भावना रहेको छ । यसबाट दैनिक आवश्यक कृषिजन्य वस्तुहरुको सहज आपूर्ति हनुका साथै कृषि उपजको उचित बजार मूल्य कायम भई एकातिर किसानलाई उचित मूल्य प्राप्त हुने र अर्कोतिर निकट सीमावर्ती भारतीय बजारहरुबाट हुने तरकारी आयात प्रतिस्थापन हुने ।

- कृषि, फलफूल तथा जडिबुटीजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको विकास र विस्तार गर्न उद्योग-कृषक करार खेती सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था (Industry Peasant Contractual Farming Policy) गर्न सके कृषिजन्य कच्चा पदार्थमा आत्मनिर्भर भई लागतलाभ हाँसिल हुने तथा कृषिको व्यवसायिकरणमा टेवा पुग्ने ।

# परिच्छेद ३: उद्योग क्षेत्र


## ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५२.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ५७.५ प्रतिशत रहेको थियो ।

तोरीको तेल उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९४.५ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पति घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ६.९ प्रतिशत रहेको छ । विगतमा उपभोक्ताहरुले सीमावर्ती भारतीय बजारबाट तोरीको तेल खरीद गर्ने गरेकोमा कोरोना महामारीका कारण घोषित निषेधाज्ञाले सीमावर्ती नाकाहरुबाट हुने आवागमन नियन्त्रण गरेकाले आन्तरिक उत्पादनको मागमा वृद्धि भई तोरीको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको देखिन्छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा यस अध्ययनमा समेटिएका उद्योगहरुमध्ये तयारी कपडा उद्योगको क्षमता उपयोगको वृद्धि सबैभन्दा बढी ५५.५ प्रतिशत रहेको छ भने वनस्पति घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग ६१.४ प्रतिशतले घटेको छ ।

**रेखाचित्र ३.१: उद्योगको क्षमता उपयोगको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका उद्योग

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा अध्ययनले समेटेका उद्योगहरुमध्ये तयारी कपडा उद्योगको उत्पादन सबैभन्दा बढी ३८८.५ प्रतिशतले बढेको छ भने ईंटा उद्योगको उत्पादन सबैभन्दा बढी ७६.७ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा तयारी कपडाको उत्पादन ५९.४ प्रतिशतले घटेको थियो भने ईंटा उत्पादनमा कुनै परिवर्तन आएको थिएन ।

कोभिड संक्रमणको कारण सीमा नाका नियमित नहुँदा स्थानीय बजारमा आयातित तयारी कपडा कमी भई स्वदेशी लत्ताकपडाको माग बढेकाले तयारी कपडाको उत्पादन उल्लेख्य बढेको देखिन्छ ।

अधिकांश इँटा उद्योग भारतीय कामदारमा निर्भर रहेको तथा कोरोना महामारीका कारण सीमा नाका बन्द भई भारतीय मजदुरको आवागमन सहज नहुँदा कामदार अभावले पूर्ण क्षमतामा इँटा उद्योग सञ्चालन हुन नसकी इँटाको उत्पादनमा कमी आएको देखिन्छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा निर्यात हुने मुख्य वस्तुहरुमध्ये धागोको उत्पादन २६.६ प्रतिशत, फलामे छड तथा पत्ती (जस्तापाता सहित) को उत्पादन १४.० प्रतिशत, चाउचाउको उत्पादन १०.७ प्रतिशत तथा भटमासको तेल उत्पादन ५.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा धागोको उत्पादन १.१ प्रतिशत, भटमासको तेल उत्पादन ७१.३ प्रतिशतले बढेको थियो भने फलामे छड तथा पत्ती र चाउचाउको उत्पादन क्रमशः ४०.८ प्रतिशत र १ प्रतिशले घटेको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा धागो उत्पादन गर्ने उद्योग र फलामे छड उत्पादन गर्ने उद्योगहरुले थप मेसिनहरुको जडान गरी उत्पादन क्षमता विस्तार गरेकोले उत्पादन उल्लेख्य बढेको देखिन्छ ।


अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा चामल तथा वनस्पति घिउको उत्पादन क्रमशः २३.५ प्रतिशत र ८.९ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चामलको उत्पादन ७०.१ प्रतिशतले बढेको थियो भने वनस्पति घिउको उत्पादन ६१.३ प्रतिशतले घटेको थियो ।

कमजोर गुणस्तरको धानको कारण सग्लो चामलको उत्पादन घटेकाले लागत वृद्धि भइ आयातित चामलसँग प्रतिस्पर्धा गर्न नसकेकाले चामल उत्पादन घटेको देखिन्छ ।

भारतीय बजारमा बनस्पति घिउको मागमा कमी आएकोले वनस्पति घिउ उत्पादन गर्ने उद्योगहरु पामतेल तथा भटमासको तेल उत्पादनमा रुपान्तरण भएकोले बनस्पति घिउको उत्पादनमा कमी आएको देखिन्छ ।

त्यस्तै, कोभिड-१९ महामारीको प्रभावका कारण अन्य गैर-खाद्यवस्तुहरु उत्पादन गर्ने उद्योगहरु न्यून क्षमतामा सञ्चालन भएकोले उत्पादनमा कमी आएको देखिन्छ ।

**रेखाचित्र ३.२ : उद्योगको उत्पादन वृद्धिदर अवस्था**




स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा


| तालिका ३.१ : क्षेत्रागत कर्जाको अवस्था | | | |
|---|---|---|---|
| विवरण | २०७६ | २०७७ | २०७८ |
| कुल कृषि कर्जा | ८.४ | ८.८ | ९.८ |
| कुल औद्योगिक कर्जा | ३४.३ | ३५.० | ३०.६ |
| कुल सेवा कर्जा | ५७.४ | ५६.२ | ५९.७ |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रावाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा सबैभन्दा बढी ५९.७ प्रतिशत कर्जा प्रवाह भएको छ। समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ११.५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४५ अर्ब पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा १९.५ प्रतिशतले बढेको थियो। कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु सम्बन्धी उद्योगतर्फ सबैभन्दा बढी रु.५६ अर्ब ६१ करोड र विद्युत, ग्यास तथा पानीतर्फ सबैभन्दा कम रु. १ अर्ब ३७ करोड कर्जा प्रवाह भएको छ।

समीक्षा वर्षमा प्रवाह भएको औद्योगिक कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा सबैभन्दा बढी ४०.६ प्रतिशतले बढेको देखिन्छ भने निर्माण सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा सबैभन्दा कम ९.० प्रतिशतले बढेको देखिन्छ।

**रेखाचित्र ३.३ :औद्योगिक कर्जा लगानी स्थिति (अर्बमा)**




स्रोत : नेपाल राष्ट्र बैंक

## ३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- कोभिड १९ संक्रमणको प्रभावले न्यून भएको औद्योगिक उत्पादनको माग तथा कच्चा पदार्थको आपूर्तिमा भएको अवरोधलाई व्यवस्थापन गरी उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु।
- कोभिड १९ संक्रमणको सम्भावित तेस्रो लहरले औद्योगिक उत्पादनको माग र आपूर्ति शृङ्खलामा पार्न सक्ने अवरोधलाई न्यूनिकरण गरी माग र आपूर्तिमा सन्तुलन कायम गर्नु।

- कृषिजन्य उद्योगको लागि आवश्यक कच्चा पदार्थको आन्तरिक उत्पादन वृद्धि, औद्योगिक उत्पादनको लागि आवश्यक कच्चा पदार्थको नियमित आपूर्ति र उद्योगलाई सहुलियत दरमा नियमित रुपमा उर्जा उपलब्ध गर्नु ।
- कतिपय उद्योगहरुलाई आवश्यक पर्ने दक्ष/अदक्ष कामदारका लागि भारत लगायत अन्य देश माथिको हालको अधिक निर्भरतालाई अन्त्य गर्नु ।
- कतिपय उद्योगहरुमा कार्यरत कामदारहरु कोरोना महामारी पश्चात् पनि काममा नफर्केका कारण अवरुद्ध भएको उत्पादन प्रक्रियालाई पूर्ववत्‌रुपमा सुचारु गर्नु ।
- उद्योग क्षेत्रलाई आवश्यक पर्ने दक्ष जनशक्तिको आन्तरिक उत्पादन, उद्योग क्षेत्रमा कार्यरत श्रमिकको समूचित क्षमता अभिवृद्धि तथा अदक्ष श्रमिकलाई उद्योगतर्फ आकर्षित गर्नु ।
- औद्योगिक उत्पादनको लागत कम गरी गुणस्तर अभिवृद्धि गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धी बनाउनु ।
- प्रदेशस्तरमा नयाँ औद्योगिक पार्कको स्थापना गर्न आवश्यक पर्ने जग्गा पहिचान/अधिग्रहण/प्राप्ति गर्नु ।
- हाल रहेका विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा थप पूर्वाधार विकास गर्नु ।
- उद्योग क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्न आवश्यक पर्ने न्यूनतम पूर्वाधारको विकास गर्नु ।

**सम्भावना**

- प्रदेश अन्तर्गतका तराई तथा मध्यपहाडी जिल्लामा बढ्दो शहरीकरण/जनघनत्वका कारण औद्योगिक उत्पादनको बजार उच्च रहेको ।
- कच्चा पदार्थ आयात तथा तयारी वस्तु निर्यात गर्नका लागि भारतीय सीमा नाकासम्म सहज पहुँच भएकाले यस प्रदेशमा उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने ।
- विद्युत उत्पादन बढ्दै गइरहेको सन्दर्भमा उद्योगले उपभोग गर्ने विद्युत महशुलमा सहुलियत प्रदान गरी उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने ।
- कोरोना महामारीबाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थानका लागि सरकारले जारी गरेका व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि २०७७, नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७ आदिको प्रभावकारी कार्यान्वयन गरी उद्योग, कृषि, उर्जा, स्वास्थ्य, पर्यटन, शिक्षा तथा सूचना प्रविधिको क्षेत्रलाई प्रदेशको अर्थतन्त्रमा मुख्य योगदान दिन सक्ने क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- प्रदेशका पहाडी तथा हिमाली क्षेत्रहरुमा समेत सडक सञ्जालको विस्तार तथा विद्युतीकरणको कार्य निरन्तर भइरहेकाले कृषि तथा वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना तथा प्रवर्द्धन गर्न सकिने ।

# परिच्छेद ४: सेवा क्षेत्र

## ४.१ पर्यटन

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा पर्यटक आगमन संख्या ५९.७ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा पर्यटक आगमन १८.१ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा तेस्रो मुलुकवाट आउने पर्यटकको संख्या ९२.४ प्रतिशतले घटेको छ भने अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्यामा १८.६ प्रतिशतले घटेको थियो।

लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमुना छनोट गरिएका यस प्रदेशका ५ वटा पर्यटकस्तरीय होटेल (होटल होलिडे होम (झापा), ह्यारिसन होटल (विराटनगर), विग होटल (विराटनगर), होराइजन रिसोर्ट (हिले) र रत्ना होटल (विराटनगर) बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गर्दा **प्रदेश नं. १ का पर्यटकस्तरीय होटलको अवस्था** देहाय बमोजिम रहेको देखिन्छ।


- कोभिड - १९ को महामारीबाट अति प्रभावित क्षेत्रको रुपमा रहेको पर्यटन क्षेत्र प्रदेश नं. १ मा बन्दाबन्दी तथा निशेधाज्ञा खुकुलो भएसँगै केही सुधारोन्मुख अवस्थामा रहेको देखिन्छ। महामारीको अवधिमा पर्यटकस्तरीय होटल व्यवसायको विस्तार शून्य रहेको देखिन्छ भने निर्माणसम्पन्न भएका पर्यटकस्तरीय होटल समेत सञ्चालनमा आउन सकेका छैनन्।
- समीक्षा वर्षमा प्रदेश नं. १ मा होटलहरुको औसत अकुपेन्सी दर २२.३ प्रतिशतले घटेको देखिन्छ भने अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अकुपेन्सी दर ३३.९ प्रतिशतले घटेको थियो।
- यस प्रदेशको कुल पर्यटक आगमन संख्या १०.७ प्रतिशतले घटेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ६७.७ प्रतिशतले घटेको थियो।
- समीक्षा वर्षमा चीनबाट आउने पर्यटकको संख्या सवैभन्दा बढी घटेको देखिन्छ। भारतबाट आउने पर्यटकको संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा १४.४ प्रतिशतले बढेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारतवाट आउने पर्यटकको संख्या ८७.८ प्रतिशतले घटेको थियो।
- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा तेस्रो मुलुकबाट आएका पर्यटकको संख्या केही वृद्धि भएको देखिन्छ भने अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ९७.७ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा पर्यटकस्तरीय होटलमा आन्तरिक पर्यटकको संख्या १२.७ प्रतिशतले घटेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा आन्तरिक पर्यटकको संख्या ६२.३ प्रतिशले घेटेको थियो।
- विराटनगर तथा काँकडभिट्टा नाकामा आवागमन केही खुकुलो भएसँगै भारतीय पर्यटकको संख्यामा वृद्धि भएको देखिन्छ।
- समीक्षा वर्षमा पर्यटकस्तरीय होटलमा कार्यरत २.७ प्रतिशत कर्मचारीले रोजगारी गुमाएका छन् भने अघिल्लो आर्थिक वर्षको सोही अवधिमा २४.६ प्रतिशतले रोजगारी गुमाएका थिए।

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ३६.४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ५८.२ प्रतिशतले घटेको थियो । आ.व. २०७७/७८ मा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व ६८.८ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ९९ करोड परिचालन भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व ३८.७ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ५५ करोड परिचालन भएको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ३.६ प्रतिशतले बढको छ भने अघिल्लो आर्थिक वर्ष यस्तो संख्या २०.७ प्रतिशतले घटेको थियो ।

अघिल्लो आर्थिक वर्ष कोभिड-१९ महामारीका कारण सरकारले गरेको बन्दाबन्दी तथा निषेधाज्ञाले घरजग्गा कारोवारमा कमी आएको तर समीक्षा वर्षमा आर्थिक गतिविधि बढेसँगै घरजग्गा कारोवार संख्यामा सुधार आएको देखिन्छ ।

**रेखाचित्र ४.१ : घरजग्गा कारोवारको अवस्था**




स्रोतः अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका

## ४.३ वित्तीय सेवा

### ४.१.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या


समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका थप १३४ शाखा विस्तार भएका छन् । २०७८ असार मसान्तमा यस प्रदेशमा वाणिज्य बैंकका ७२८, विकास बैंकका १७७, वित्त कम्पनीका २५ तथा लघुवित्त वित्तीय संस्थाका ७८३ गरी जम्मा १,७१३ शाखा रहेका छन् । यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४१५ र ताप्लेजुङमा सबैभन्दा कम ३७ शाखा रहेका छन् ।

**तालिका : ४.१ प्रदेश नं १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| बैंक तथा वित्तीय संस्था | २०७७ असार मसान्त | २०७८ असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | ६८७ | ७२८ |
| विकास बैंक | १६५ | १७७ |
| वित्त कम्पनी | ४५ | २५ |
| लघुवित्त वित्तीय संस्था | ६८२ | ७८३ |
| **जम्मा शाखा संख्या** | **१५७९** | **१७१३** |

स्रोत : नेपाल राष्ट्र बैंक

**रेखाचित्र ४.२ : बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या**




स्रोत : नेपाल राष्ट्र बैंक

### ४.१.२ निक्षेप तथा कर्जा स्थिति


२०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेप २४.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४६ अर्ब ५० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप २७.९ प्रतिशतले बढेको थियो।

सर्वसाधारणमा बचत गर्ने बानीमा आएको सुधार, रेमिट्यान्स आप्रवाह, विद्युतिय कारोवारमा भएको वृद्धि, तथा बैकिङ्ग सेवा विस्तार भएकाले निक्षेप परिचालन बढेको देखिन्छ।

२०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २६.४ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ८० अर्ब पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १६.४ प्रतिशतले बढेको थियो।

२०७८ असार मसान्तमा यस प्रदेशमा कर्जा निक्षेप अनुपात (Credit to Deposit Ratio) १३८.७ प्रतिशत रहेको छ। २०७७ असार मसान्तमा उक्त अनुपात १३६.५ प्रतिशत रहेको थियो। कोभिड १९ का कारण प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्न चालु आ.व.को मौद्रिक नीतिले प्रदान गरेको छुट तथा सुविधा, सहुलियतपूर्ण कर्जा, पुनरकर्जा सुविधा, सर्वसाधरणको वित्तीय पहुँचमा भएको वृद्धि आदि कारणले लगानीका लागि वातावरण अनुकूल बन्दै गएकोले कर्जा प्रवाह बढेको देखिन्छ।

**रेखाचित्र ४.३: निक्षेप तथा कर्जा स्थिति**





स्रोत : अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु

### ४.१.३ अन्य वित्तीय विवरण

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश १०.८ प्रतिशत, बचत निक्षेपको अंश ४९.८ प्रतिशत, मुद्दती निक्षेपको अंश ३१.९ प्रतिशत र अन्य निक्षेपको अंश ७.७ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश १२.३ प्रतिशत, बचत निक्षेपको अंश ४७.७ प्रतिशत, मुद्दती निक्षेपको अंश ३०.९ प्रतिशत र अन्य निक्षेपको अंश ९.१ प्रतिशत रहेको थियो ।

**रेखाचित्र ४.४: कुल निक्षेपको संरचना**




स्रोत : नेपाल राष्ट्र बैक

२०७८ असार मसान्तमा निक्षेपकर्ताको संख्या १७.७ प्रतिशतले वृद्धि भई ४८ लाख १८ हजार पुगेको छ भने ऋणीहरुको संख्या २१.३ प्रतिशतले वृद्धि भई २ लाख ४३ हजार पुगेको छ । २०७७ असार मसान्तमा निक्षेपकर्ताको संख्या ४० लाख ९२ हजार र ऋणीहरुको संख्या २ लाख रहेको थियो ।

**तालिका ४.२ : कुल कर्जासँगको तुलना (असार मसान्त)**

| विवरण | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| विपन्न वर्ग कर्जा | ५.० | ६.७ | ८.५ |
| पुनरकर्जा | ०.३ | ०.२ | २.२ |
| सहुलियतपूर्ण कर्जा | १.३ | २.६ | ५.६ |
| प्राथमिकता प्राप्त कर्जा | १३.२ | १७.७ | २२.६ |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तमा विपन्न वर्ग कर्जा ६०.६ प्रतिशतले वृद्धि भई रु.४० अर्ब ८३ करोड पुगेको छ, । २०७७ असार मसान्तमा यस्तो कर्जा रु.२५ अर्ब ४२ करोड रहेको थियो ।

समीक्षा वर्षमा पुनरकर्जा रु.९ अर्ब ५१ करोडले वृद्धि भई रु.१० अर्ब ३७ करोड पुगेको छ । २०७७ असार मसान्तमा यस्तो कर्जा रु.८६ करोड रहेको थियो ।

२०७८ असार मसान्तमा सहुलियतपूर्ण कर्जा १७४.३ प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ७० करोड पुगेको छ। २०७७ असार मसान्तमा यस्तो कर्जा रु.९ अर्ब ७३ करोड रहेको थियो ।

समीक्षा वर्षमा प्राथमिकता प्राप्त कर्जा ६१.४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८ अर्ब पुगेको छ। २०७७ असार मसान्तमा यस्तो कर्जा रु.६७ अर्ब ३९ करोड रहेको थियो ।

२०७८ असार मसान्तमा प्रदेश नं. १ मा ३५ वटा एटिएम संख्या थप भई कुल एटिएम संख्या ५३८ पुगेको छ। यसमध्ये मोरङमा सबैभन्दा बढी १५० वटा र खोटाङ जिल्लामा सबैभन्दा कम ६ वटा एटिएम रहेका छन् ।

## तोकिएका स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार तथा वित्तीय सेवाको अवस्था

- सबै स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखा विस्तार गर्ने नीति बमोजिम नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकको शाखा पुग्न बाँकी रहेका ५९ वटा स्थानीय तहमा शाखा विस्तार गर्न जारी निर्देशन बमोजिम २०७८ असार मसान्तसम्म प्रदेश नं. १ का सबै १३७ वटा स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भएका छन्। यस निर्देशन बमोजिम वाणिज्य बैंकको शाखा विस्तार भएको प्रदेश नं. १ को अन्तिम स्थानीय तह ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका हो ।

- प्रदेश नं. १ का वाणिज्य बैंकको शाखा पुग्न बाँकी रहेका ५९ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी ५ वटा स्थानीय तहमा माछापुच्छ्रे बैंक लिमिटेडले शाखा विस्तार गरेको छ ।

- जिल्लागत रुपमा सबैभन्दा बढी खोटाङ र ताप्लेजुङका ७/७ वटा स्थानीय तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन् भने सबैभन्दा कम सुनसरी जिल्लामा १ वटा स्थानीय तहमा शाखा विस्तार भएको छ ।


| स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तारको जिल्लागत अवस्था | |
|---|---|
| सुनसरी | १ |
| धनकुटा | २ |
| तेह्रथुम | २ |
| झापा | ३ |
| मोरङ | ३ |
| इलाम | ४ |
| पाँचथर | ४ |
| भोजपुर | ५ |
| ओखलढुङ्गा | ५ |
| सोलुखुम्बु | ५ |
| उदयपुर | ५ |
| संखुवासभा | ६ |
| खोटाङ | ७ |
| ताप्लेजुङ | ७ |
| **कुल** | **५९** |

- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएका स्थानीय तहमा शाखा विस्तार गरेका वाणिज्य बैंकमा २०७८ असार मसान्तसम्म २७५ जना कर्मचारीले रोजगार प्राप्त गरेका छन् ।

- जिल्लागत रुपमा झापाका स्थानीय तहमा विस्तार भएका वाणिज्य बैंकका शाखामा सबैभन्दा बढी ३१ जना कर्मचारीले रोजगारी प्राप्त गरेका छन् भने धनकुटा, सुनसरी र तेह्रथुम जिल्लामा सबैभन्दा कम ९/९ जना कर्मचारीले रोजगारी प्राप्त गरेका छन् ।

- प्रदेश नं. १ का तोकिएका स्थानीय तहमा शाखा विस्तार गरेका वाणिज्य बैंकले २०७८ असार मसान्तसम्म रु.११ अर्ब ४९ करोडको कुल निक्षेप परिचालन गरेका छन् भने रु.४ अर्ब ७५ करोडको कर्जा प्रवाह गरेका छन् ।

**रेखाचित्र ४.५: स्थानीय तहमा विस्तार भएका शाखाको निक्षेप र कर्जाको जिल्लागत अवस्था**





स्रोत : नेपाल राष्ट्र बैंक

### ४.१.४ सहकारी क्षेत्र

*यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमुना छनौट गरिएका १० वटा ठूलाबचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा गरिएको विश्लेषण ।*

- समीक्षा वर्षमा नमुना छनौटमा परेका १० सहकारी संस्थाहरुको कुल पुँजी २५.८ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १६.४ प्रतिशत रहेको थियो ।
- समीक्षा वर्षमा सहकारीहरुको कुल बचत ३४.० प्रतिशत र कुल कर्जा ४३.२ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बचत २८.५ प्रतिशत र कर्जा १५.३ प्रतिशतले बढेको थियो ।
- समीक्षा वर्षमा सहकारी संस्थाका सदस्यको संख्या १५.६ प्रतिशत र कर्मचारीको संख्या १८.५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सदस्य संख्या ६.३ प्रतिशत र कर्मचारीको संख्या १८.६ प्रतिशतले बढेको थियो ।
- सहकारी संस्थामा बैंक तथा वित्तीय संस्थाको तुलनामा निक्षेपमा बढी व्याज पाइने र कर्जा लिने प्रक्रिया छोटो भएकाले बचत गर्न तथा ऋण लिन सर्वसाधारणको आकर्षण बढेको देखिन्छ ।

**रेखाचित्र ४.६ पूँजी, बचत र ऋण लगानीको अवस्था**




स्रोत : अध्ययन क्षेत्रका सहकारी संस्थाहरु

### ४.१.५ फण्ड ट्रान्सफर

समीक्षा वर्षमा प्रदेश नं. १ का १४ जिल्लामा रहेका १५ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा जनकपुर कार्यालयबाट रु.५ अर्ब ९० करोड, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.३ अर्ब ७० करोड तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.२५ अर्ब ९५ करोड गरी कुल रु.३५ अर्ब ५५ करोड फण्ड ट्रान्सफर भएको छ । गत बर्षको सोही अवधिमा रु.३५ अर्ब २९ करोडको फण्ड ट्रान्सफर भएको थियो ।

### ४.१.६ विदेशी विनिमय

प्रदेश नं. १ मा नेपाल राष्ट्र बैंकबाट ६४ मनिचेञ्जर, ४ होटल, १ ट्रेकिङ्ग एजेन्सी र २ अन्य गरी ७१ एजेन्सीहरुले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् ।

समीक्षा वर्षमा यस कार्यालयले रु.३२ करोड ४८ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरीद गरेको छ। खरिद गरिएका परिवर्त्य विदेशी मुद्राहरुमध्ये रु.१८ करोड ९२ लाख बराबरको अमेरिकी डलर, रु.२ करोड ७० लाख बराबरको युरो र रु.११ करोड ५६ लाख बराबरको अन्य विदेशी मुद्रा रहेका छन् ।

यस अवधिमा अमेरिकी डलरको खरिद २१.९ प्रतिशतले बढेको छ भने युरो तथा अन्य मुद्राको खरिदमा क्रमशः ३८.८ प्रतिशत र ३०.१ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस बैंकले रु.३५ करोड ५१ लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो ।

समीक्षा वर्षमा कोभिड-१९ को संक्रमणले विदेशी पर्यटकको आवागमनमा कमी अएको तथा अन्य रोजगार गन्तव्य मुलुकहरुबाट रोजगार गुमाई फर्कने कामदारको संख्यामा भएको वृद्धिका कारण विदेशी मुद्राको खरिद घटेको देखिन्छ ।


## ४.४ यातायात तथा सञ्चार

### ४.४.१ यातायात

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या ११.६ प्रतिशतले वृद्धि भई ६ लाख ९४ हजार पुगेको छ। यसमध्ये मोटरसाईकलको संख्या १२.२ प्रतिशतले वृद्धि भई ५ लाख ८० हजार पुगेको छ भने अन्य सवारी साधन संख्या ८.५ प्रतिशतले वृद्धि भई १ लाख १४ हजार पुगेको छ।

समीक्षा वर्षमा प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ६ जिल्लाहरुबाट मात्र सवारी साधन दर्ता भएको देखिन्छ भने सबैभन्दा बढी ७५.५ प्रतिशत सवारी साधन सुनसरी जिल्लामा दर्ता भएको देखिन्छ ।

**रेखाचित्र ४.७ : यातायातका साधनको संख्या**





स्रोत : यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय

### ४.४.२ सञ्चार

२०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तसम्म प्रदेश नं. १ मा कुल वितरित टेलिफोन संख्या १.५ प्रतिशतले वृद्धि भई ४५ लाख ५५ हजार[1] पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल टेलिफोनको संख्या १.९ प्रतिशतले बढेको थियो । त्यसैगरी इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या १४.६ प्रतिशतले वृद्धि भई ५१ हजार[2] पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या २१.४ प्रतिशतले बढको थियो ।

**रेखाचित्र ४.८: कुल वितरित टेलिफोनको जिल्लागत अवस्था (प्रतिशत)**




स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.

## ४.५ शिक्षा तथा स्वास्थ्य

### ४.५.१ शिक्षा

समीक्षा वर्षमा प्रदेश नं. १ मा सरकारी/सामुदायिक, संस्थागत/निजी र प्राविधिक शिक्षालय गरी ६५ वटा विद्यालय थप भई कुल विद्यालय संख्या ७,१२५ पुगेको छ । थप भएका विद्यालयमध्ये ५७ वटा सरकारी तथा सामुदायिक, ७ वटा प्राविधिक र १ निजी रहेका छन् । २०७७ असार मसान्तमा कुल विद्यालय ७,०६० वटा रहेका थिए ।

समीक्षा वर्षमा प्रदेश नं. १ मा कुल विद्यार्थी संख्या २.६ प्रतिशतले वृद्धि भई १३ लाख २२ हजार पुगेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो संख्या ६.९ प्रतिशतले बढेको थियो । सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा ५.४ प्रतिशतले विद्यार्थी संख्या बढेको देखिन्छ भने निजी क्षेत्रका विद्यालयमा २.७ प्रतिशतले घटेको देखिन्छ ।


समीक्षा वर्षमा यस प्रदेशमा २,३४१ शिक्षक थप भई कुल शिक्षक संख्या ४७,८८१ पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४५,५४० रहेको थियो ।

[1] नेपाल टेलिकम र एनसेल प्रा.लिको मात्र तथ्याङ्क समावेश भएको

[2] नेपाल टेलिकमको मात्र तथ्याङ्क समावेश भएको

समीक्षा वर्षमा सरकारी विद्यालयमा पनि अंग्रेजी माध्यममा अध्यापन शुरु भएकाले सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढेको देखिन्छ ।

**रेखाचित्र ४.९: सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था**




स्रोत : शिक्षा विकास तथा समन्वय इकाई

### ४.५.२ स्वास्थ्य


२०७८ असार मसान्तमा प्रदेश नं. १ मा सरकारी र निजी गरी कुल अस्पताल संख्या १४९ रहेका छन् । २०७७ असार मसान्तमा यस्ता अस्पतालको संख्या १३५ रहेको थियो ।

२०७८ असार मसान्तमा प्रदेश नं. १ मा निजी र सरकारी अस्पतालमा कार्यकरत चिकित्सकको कुल संख्या १,१९३ रहेको छ । २०७७ असार मसान्तमा उक्त संख्या १,१९२ रहेको थियो ।

२०७८ असार मसान्तमा सरकारी र निजी अस्पतालको शैया संख्या १३.९ प्रतिशले वृद्धि भई ६,६९६ वटा पुगेको छ । २०७७ असार मसान्तमा यस्तो संख्या ५,८८० वटा रहेको थियो ।

प्रदेशका मुख्य शहरहरुमा कोभिड-१९ महामारी नियन्त्रण गर्नका लागि अस्थाई अस्पताल निर्माण गरिएकाले अस्पताल तथा शैया संख्या बढेको देखिन्छ ।

**रेखाचित्र ४.१० : जिल्लागत निजी तथा सरकारी अस्पताल संख्या**




स्रोत : सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालय


### ४.६ सेवा क्षेत्र कर्जा

२०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ३५.६ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ८३ अर्ब २४ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा १४.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ५९.७ प्रतिशत रहेको छ ।

२०७८ असार मसान्तसम्ममा कुल सेवा कर्जा मध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी ४०.४ प्रतिशत र सबैभन्दा कम स्थानीय सरकार शीर्षकमा कर्जा प्रवाह भएको छ ।

२०७८ असार मसान्तसम्ममा कुल सेवा कर्जा मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ३७.७ प्रतिशत प्रवाह भएको छ भने ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ०.५ प्रतिशत कजा प्रवाह भएको छ ।

**रेखाचित्र ४.११ जिल्लागत सेवा क्षेत्र कर्जाको अवस्था**




स्रोत : नेपाल राष्ट्र बैंक

### ४.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

**चुनौती**

- कोभिड १९ महामारीका कारण अति प्रभावित पर्यटन तथा सोसँग सम्बन्धित अन्य व्यवसायलाई पुनरुत्थान गर्नु ।
- यस प्रदेशको भ्रमणमा आउने बाह्य पर्यटकहरुको देशगत मिश्रणको अध्ययन गरी पर्यटकको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी बाह्य पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्ब्याउनु ।
- हालको धितोमुखी बैंकिङ्ग प्रणालीलाई परियोजना तथा नगदप्रवाहमुखी बनाई प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाहको सुनिश्चितता गर्नु ।
- प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालय तथा स्थानीयतहले समेत आ–आफ्नै विधि तथा प्रक्रियाबाट सहुलितपूर्ण कर्जा कार्यक्रम कार्यान्वयन गर्ने गरेको सन्दर्भमा हाल कार्यान्वयनमा रहेको सहुलियतपूर्ण कर्जा कार्यक्रममा दोहोरो नपर्ने गरी यस प्रकारका सहुलियतपूर्ण कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु ।

- विशेषतः शहर केन्द्रित हालको बैकिङ्ग सेवालाई समावेशी बैकिङ्गको अवधारणा अनुसार बैकिङ्ग सेवा नपुगेका ग्रामीण र दुर्गम क्षेत्रमा बिस्तार गरी सर्वसाधरणको पहुँच वृद्धि तथा राज्यको प्राथमिकता प्राप्त क्षेत्रहरुमा स्वतः स्फूर्त लगानी गर्न प्रोत्साहन गर्नु ।

- पहाडी एवम् हिमाली जिल्लाहरुमा दक्ष चिकित्सक तथा स्वास्थ्य सेवाको स्तरोन्नती/विस्तारगरी सर्वसाधरणलाई सर्वसुलभ स्वास्थ सेवा उपलब्ध गराउनु ।

- कोभिड १९ महामारीका कारण बैंक तथा वित्तीय संस्थाहरुले यातायात र पर्यटन क्षेत्रमा प्रवाह गरेको कर्जा असुलीमा देखिएको समस्याको समुचित सम्वोधन गर्नु ।

**सम्भावना**

- यस प्रदेशमा निर्माणाधीन जलविद्युत आयोजनाहरु समयमै सम्पन्न भएमा उर्जामा आत्मनिर्भर भई औद्योगिक वस्तुको उत्पादनमा वृद्धि हुन सक्ने ।

- समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका शाखा उल्लेख्य संख्यामा विस्तार भएको हुँदा ग्रामीण तथा दुर्गम क्षेत्रका सर्वसाधारणको समेत बैकिङ्ग सेवामा सहज पहुँच भएको तथा वित्तीय चेतनामा अभिवृद्धि भएकाले उक्त क्षेत्रका आर्थिक क्रियाकलापहरु वृद्धि हुन सक्ने ।

- यस प्रदेशमा रहेका आँखा अस्पतालहरुमा आँखा उपचार गर्न छिमेकी मुलुक भारतबाट ठूलो संख्यामा विरामीहरु आउने गरेको सन्दर्भमा स्वास्थ्य सम्बन्धी दक्ष जनशक्तिको उत्पादन बढ्दै गएको साथै भौतिक पूर्वाधार समेतको विकास र विस्तार हुँदै गएकोले विदेशी नागरिक लक्षित Multispeciality Hospital, प्राकृतिक उपचार केन्द्र तथा योग केन्द्रहरुको स्थापना गरी स्वास्थ्य पर्यटनको विकास गर्न सकिने ।

- ऐतिहासिक, धार्मिक, साँस्कृतिक, भौगोलिक, साहसिक महत्वका स्थलहरुको पहिचान, समुचित प्रर्वद्धन, विकास तथा प्रचारप्रसारका साथै पर्यटन पूर्वाधार विकासमा प्रदेश सरकार तथा स्थानीय तहले उच्च प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरेकोले आगामी दिनमा पर्यटन क्षेत्र यस प्रदेशको अर्थतन्त्रको मुख्य सम्वाहकको रुपमा विस्तार हुने देखिएको ।

- यस प्रदेशमा रहेका पर्यटकीय गन्तब्यहरुमा सुविधा सम्पन्न होटल तथा लजहरु सञ्चालन गर्न सके पर्यटकको वसाई अवधि लम्ब्याइ तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने भएकोले आर्थिक कियाकलाप वृद्धि हुने ।

- विराटनगर विमानस्थलको अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नतीको क्रममा रहेको, पर्यटकस्तरका होटलहरु स्थापना भइरहेको, मध्यपहाडी लोकमार्गको निर्माणकार्य तीव्ररुपमा भइरहेको तथा नयाँनयाँ पर्यटकीय गन्तव्य पहिचान तथा विकास स्थानीय सरकार तथा निजी क्षेत्रको समेत प्राथमिकतामा रहेकोले आगामी दिनमा यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटक आगमनमा वृद्धि हुने देखिन्छ ।

- नेपाल सरकारले लागू गरेको सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयनको माध्यमबाट स्वरोजगार तथा उद्यमशीलता विकास हुने तथा आन्तरिक उत्पादन वृद्धि हुने ।

- सरकारले प्रत्येक स्थानीय निकायमा अस्पताल तथा स्वास्थ्य चौकीहरुको निर्माणकार्यलाई तीव्रता दिएको तथा प्रत्येक जिल्लामा निजी अस्पताल र क्लिनिकहरु खुल्ने क्रम बढेसँगै गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच विस्तार हुने देखिन्छ ।

- सबै स्थानीय तहमा कम्तीमा एउटा बैंक तथा वित्तीय संस्थाको विस्तार भए सँगै वित्तीय सेवामा सर्वसाधरणको पहुँच तथा वित्तीय सेवाको प्रयोग बढ्दै गएकोले अनौपचारिक अर्थतन्त्रको हिस्सा कम हुदैं जाने देखिएको छ ।

# मिक्वाखोला गाउँपालिकामा वाणिज्य बैंकको शाखा विस्तारः अवस्था विश्लेषण

देशका सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने नेपाल राष्ट्र बैंकको अभियान अन्तर्गत प्रदेश नं. १ मा सबै भन्दा पछि वाणिज्य बैंकको शाखा पुगेको ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालीकामा सञ्चालनमा रहेको सेञ्चुरी कमर्सियल बैंकको स्थापना तथा कारोबारको अवस्था सम्बन्धमा विराटनगर कार्यालयले एक संक्षिप्त अध्ययन गरेको छ । सम्बन्धित सरोकारवालाहरुसँग असंरचित अन्तरवार्ताको माध्यमबाट लिइएको जानकारी तथा सेञ्चुरी कमर्सियल बैंकबाट प्राप्त तथ्याङ्कहरुका आधारमा तयार गरिएको यो संक्षिप्त अध्ययन प्रतिवेदन निम्नानुसार प्रस्तुत गरिएको छ ।

## पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मुलुकभरका ७५३ वटै स्थानीय तहमा "क" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य बैंकको कम्तीमा एउटा शाखा पुऱ्याउने आफ्नो नीति बमोजिम शाखा पुग्न बाँकी ३५९ वटा स्थानीय तहमध्ये २४३ वटा स्थानीय तहमा वि.स.२०७५ बैशाख मसान्तभित्र र ११६ वटा स्थानीय तहमा २०७५ असार मसान्तभित्र अनिवार्यरुपमा शाखा स्थापना गर्न वि.स. २०७४ चैत १४ गते परिपत्र जारी गरेको थियो । उक्त परिपत्र जारी हुँदा प्रदेश नं. १ का १३७ स्थानीय तहमध्ये ५९ वटा स्थानीय तहमा "क" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य बैंकको शाखा पुग्न बाँकी रहेको थियो । परिपत्रमा शाखा पुग्न बाँकी स्थानीय तहमध्ये पहिलो चरणमा ४१ र दोस्रो चरणमा १८ वटा स्थानीय तहमा शाखा स्थापना गर्नुपर्ने व्यवस्था रहेको थियो । यस क्रममा ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिकामा बैंक शाखा स्थापना गर्न सेञ्चुरी कमर्सियल बैंकलाई तोकिएको थियो ।

ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङलिङ बजारबाट करिव ३६ किलोमिटर उत्तरतर्फ रहेको उक्त गाउँपालीका दुर्गम हिमाली भेगमा पर्दछ । साधारण अवस्थामा फुङलिङ बजारबाट उक्त गाउँपालीकाको कार्यालय रहेको स्थानसम्म मिक्वा खोला हुँदै चार देखि पाँच घण्टामा पुग्न सकिन्छ । वर्षाको समयमा ग्राभेल समेत नभएको कच्ची बाटो हिलाम्मे हुने हुँदा सवारी साधन प्रयोग गर्न नसकिने भएकोले मिरिङदेन गाउँपालीका हुँदै मिक्वाखोला गाउँपालीकासम्म पुग्न सकिन्छ । वाणिज्य बैंकको शाखा सञ्चालन गर्नुपर्ने जिम्मेवारी पाएको सेञ्चुरी कमर्सियल बैंकका कर्मचारीहरु पहिलो पटक उक्त स्थानमा पुग्दा गाउँपालीकाको कार्यालय रहेको स्थानमा बैंक सञ्चालन गर्न आवश्यक न्यूनतम पूर्वाधार नै नभएपछि बैंक सञ्चालन तत्काल गर्न नसकिएको बताउछन् । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार वि.स. २०७५ असार मसान्त भित्र सञ्चालन हुनु पर्ने उक्त शाखा उपयुक्त भौतिक पूर्वाधार नभएका कारण करिव २ वर्ष ९ महिना ढिलो गरी वि.स. २०७७ चैत ११ गते देखि मात्र शाखा सञ्चालनमा आएको छ ।

बैंकका अनुसार शाखा सञ्चालन समयमा नै हुन नसक्नुमा मुख्यतया तीन वटा कारण रहेका छन् ।

- सञ्चार संरचनाको अभाव
- बैंक सञ्चालनयोग्य भवन नहुनु र
- सुरक्षा निकायको उपस्थिति नहुनु ।

गाउँपालिकामा बैंकको उपस्थितिले विभिन्न आर्थिक कृयाकलापमा सहयोग पुग्ने देखेपछि मिक्वाखोला गाउँपालिकाले नै बैंक शाखा सञ्चालन गर्न पहल गर्ने अवस्था आयो । सोही क्रममा गाउँपालिकाको पहलमा नै प्रहरी चौकीको स्थापना भयो भने स्थानीयस्तरबाटै बैंक सञ्चालनलाई उपयुक्त हुनेगरी पक्की भवन निर्माण गरियो । सञ्चार व्यवस्थापनका लागि बैंकले आफ्नो पहलमा मर्कान्टाइल कम्युनिकेशनबाट भिस्याट र रेडियो लिंक खरीद गरी इन्टरनेटको व्यवस्था गऱ्यो । बैंक सञ्चालनका लागि अत्यावश्यक पर्ने भल्ट, फर्निचर तथा सम्वन्धित अन्य सामानको ढुवानी कार्यालयसम्म भएपछि गएको चैत देखि शाखा सञ्चालनमा आएको छ ।

## शाखाको बैंकिङ्ग तथा सरकारी कारोवारको अवस्था

शाखाले आ.व. २०७७/७८ को चार महिनाको अवधिमा मुद्दति, बचत र चल्ती खाता गरी कुल ३५४ वटा खाता खोलेको छ भने शाखाको कुल निक्षेप रु.१ करोड ५ लाख रहेको छ । गाउँपालिकाका कर्मचारीको पारिश्रमिक, कृषि उत्पादनबाट प्राप्त हुने आम्दानी तथा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण यस शाखाको निक्षेपको मुख्य स्रोतको रुपमा रहेको छ । यस शाखाबाट हालसम्म कुनै पनि किसिमको कर्जा प्रवाह भएको देखिदैन । आर्थिक वर्ष २०७७/७८ को पछिल्लो ३० दिनको दैनिक औसत कारोवार संख्या १४ वटा रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा शाखाको औसत मासिक आम्दानी रु.५,४९८ रहेको छ भने औसत मासिक खर्च रु.१,२२,१५४ रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा उक्त शाखाको नोक्सानी रु.९ लाख ६५ हजार रहेको छ । त्यसैगरी शाखा स्थापनाको लागत रु.२३ लाख ५३ हजार रहेको छ ।

हालसम्म उक्त शाखामा मोवाइल इन्टरनेट सेवा(टुजि) मात्र उपलब्ध रहेको तथा वैकल्पिक इन्टरनेट सेवा प्रदायक संस्थाको सेवा उपलब्ध नभएकाले प्रविधिमा आधारित आधुनिक भुक्तानी प्रणालीका उपकरणहरू जस्तै : इन्टरनेट बैंकिङ्ग, डेविट कार्ड, क्रेडिट कार्ड, क्यु आर कोड, प्रिपेड कार्ड आदिको प्रयोग हुन सकेको देखिदैन ।

विगतमा गाउँपालिकाले नेपाल बैंक लिमिटेडको सदरमुकामस्थित फुङलिङ शाखा मार्फत सञ्चालन गर्दै आएको सरकारी कारोवार चालू आ.व.२०७८/७९ देखि सेञ्चुरी कमर्सियल बैंकको यस मिक्वाखोला शाखाबाट गर्ने गरी प्रक्रिया शुरु भैसकेको छ ।

| २०७८ असार मसान्तको शाखाको बैंकिङ्ग तथा वित्तीय अवस्था | | |
|---|---|---|
| निक्षेपको प्रकार | रकम (रु.लाखमा) | खाता संख्या |
| बचत | ६५.९ | २९३ |
| मुद्धती | २९.० | ३ |
| चल्ती | १०.७ | ५८ |
| **कुल निक्षेप** | **१०५.६** | **३५४** |
| **कर्जा प्रवाह** | | ० |
| मोबाइल बैकिङ्ग लिनेको संख्या | | १३ |

| आ.व. २०७७/७८ मा शाखाको वित्तीय अवस्था (रु.) | |
|---|---|
| औसत मासिक आम्दानी | ५,४९८ |
| औसत मासिक सञ्चालन खर्च | १,२२,१५४ |
| शाखाको नाफा/नोक्सान | -९,६५,०५९ |
| शाखा स्थापनामा लागेको खर्च | २३,५३,६१८ |

स्रोत: सेन्चुरी कमर्सियल बैंक, प्रदेश कार्यालय

## शाखाका विद्यमान समस्याहरु

दुर्गम हिमाली भेगमा स्थापना भएको यस शाखाको विद्यमान समस्याहरु देहाय बमोजिम रहको देखिन्छ ।

- स्थानीय लघु जलविद्युत आयोजनाबाट उत्पादित विद्युत भोल्टमा हुने उतार चढाव र अनियमित इन्टरनेट सेवाको कारण गुणस्तरीय बैकिङ्ग सेवाप्रवाहमा अवरोध पुगेको देखिन्छ ।
- फण्ड ट्रान्सफरको लागि सदरमुकामसम्म आवतजावत गर्न आवश्यक सुरक्षा प्रवन्ध तथा सवारी साधनको व्यवस्थापनका लागि स्थानीय तहसँग पूर्णरुपमा निर्भर रहेको देखिन्छ ।
- शाखामा नियमित नगद निक्षेप सानो आकारको हुने तर गाउँपालिकाको तलवी खाता तथा उपभोक्ता समितिहरुको खातामार्फत हुने भुक्तानीमा नगदलाई नै बढी प्राथमिकता दिने भएकाले नगद व्यवस्थापन चुनौतिपूर्ण देखिन्छ ।
- स्थानीयस्तरमा संगठित आमा समुह, युवा समुह, किसान समुह आदि जस्ता अनौपचारिक समुहले मासिकरुपमा उच्च दरको व्याज कवोल गरी बचत आकर्षित गर्ने तथा कर्जा समेत सहजरुपमा प्रवाह गर्ने गरेका कारण यस शाखालाई अपेक्षितरुपमा वित्तीय सेवा विस्तार गर्न चुनौति देखिन्छ ।
- कर्जा आवश्यक हुने सम्भावित ग्राहकले पनि सदरमुकामस्थित बैंक शाखाबाट नै कर्जा सुविधा उपभोग गर्ने गरेको, स्थानीयस्तरमा कर्जाको माग समेत नरहेको, धितोको मूल्याङ्कन तथा बिक्री गर्न बजारमूल्य निर्धारण चुनौतिपूर्ण रहेको आदि कारणले हालसम्म उक्त शाखाबाट कर्जा प्रवाह हुन सकेको देखिदैन ।
- उक्त शाखामा ५ जना कर्मचारीको दरवन्दी रहेपनि हाल ३ जना मात्र कार्यरत रहेको तथा पदपूर्तिका लागि स्थानीयस्तरमा गरिएको विज्ञापनमा दरखास्त नै नपरेकोले तत्काल दरवन्दी अनुरुपको जनशक्ति परिपुर्ति हुने देखिदैन ।

## बैंक शाखाले स्थानीयस्तरमा पारेको तत्कालिन प्रभाव

माथि उल्लिखित विविध समस्याका बाबजुद वित्तीय पहुँच तथा वित्तीय समावेशिताको दृष्किोणबाट पिछडिएको दुर्गम यस हिमाली गाउँपालिकामा आधुनिक बैकिङ्ग सेवाको पहुँच पुग्नु आफैंमा महत्वपूर्ण उपलब्धि हो । सर्वसाधारणमा बचत गर्ने बानी विकास गर्न, विप्रेषणको सहज र सुरक्षित भुक्तानी गर्न, राज्यले प्रदान गर्ने विभिन्न सामाजिक सुरक्षा भत्ताहरु तथा अनुदानको रकम बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी गर्न, सरकारी कारोवारलाई सहज बनाउन र कर्जा तथा आधुनिक बैकिङ्ग सेवाहरुमा सर्वसाधारणको सहज पहुँच विस्तार गरी वित्तीय समावेशीकरणको प्रवर्द्धनमा यस शाखाले तत्कालिनरुपमा सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ ।

## दीर्घकालिन आर्थिक सम्भावना

मिक्वाखोला गाउँपालिका द्वारा प्रकाशित *Mikwakhola Rural Municipality Profile, 2075* अनुसार यस गाउँपालिकामा सरकारी तथा गैर सरकारी संस्थाका साथै सुनचाँदी व्यवसाय, होटेल व्यवसाय, फेन्सी पसल, औषधी पसल, इलेक्ट्रीकल पसल, बोर्डिङ्ग स्कुल, फोटो स्टुडियो, फर्निचर, राइस मिल, मोवाइल मर्मत सेन्टर जस्ता विभिन्न प्रकारका साना स्वरोजगारमुलक व्यापार व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ । साथै ग्रामीण पर्यटन, चौंरी तथा भेडापालन, अलैंची, चिराइतो, जडिबुटी तथा कृषिजन्य उत्पादनसँग प्रत्यक्ष सम्बन्ध *(Linkage)* भएका सानो पुँजी तथा स्थानीय सीपमा स्थापना/सञ्चालन गर्न सकिने घरेलू तथा हस्तकला उद्योग, मध्यमस्तरको होटल तथा होमस्टे व्यवसाय, दूध तथा ऊनजन्य उद्योग आदिको पर्याप्त सम्भावना रहेको छ । यसरी औपचारिक बैकिङ्ग सेवाको पहुँच नहुँदा पुँजी जुटाउन नसकी चाहेको पेशा व्यवसाय गर्नबाट बञ्चित वेरोजगार तथा बैदेशिक रोजगारीबाट फर्केर स्वरोजगारमुलक व्यवसाय गर्न चाहने युवाहरुको पहिचान गरी स्थानीयस्तरमा सम्भव हुने उपयुक्त व्यवसाय तथा उद्योग सञ्चालन गर्न कर्जा उपलब्ध गराउन सके आर्थिक क्रियाकलाप विस्तार हुने देखिन्छ ।

यातायात, सञ्चार, उर्जा समस्या लगायत भौगोलिक विकटताका कारण यस गाउँपालिकामा ठुला उद्योग व्यवसाय सञ्चालनको सम्भावना नरहेकोले ठुला आकारको व्यवसायिक कर्जा मागको सम्भावना रहेको छैन । तर सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७५ को व्यवस्था अनुसार उल्लिखित व्यवसायको लागि शिक्षित युवा स्वरोजगार कर्जा, विदेशबाट फर्केका युवा परियोजना कर्जा, महिला उद्यमशील कर्जा, दलित समुदाय व्यवसाय कर्जा, युवा वर्ग स्वरोजगार कर्जा, व्यवसायिक तालीम कर्जा आदि जस्ता सहुलियतपूर्ण कर्जा प्रवाह गर्न सकिने देखिन्छ । यसप्रकारका सहुलियतपूर्ण साना कर्जाको माध्यमबाट वैदेशिक रोजगारीबाट फर्केका तथा आर्थिकरुपले सक्रिय वेरोजगार जनसंख्यालाई व्यवसायमा आकर्षित गर्न सकेमा *Under Utilized/Unutilized* अवस्थामा रहेका स्थानीय स्रोत, सीप, साधन तथा कच्चा पदार्थको उपयोग भई स्वरोजगार तथा उद्यमशीलताको विकास हुने देखिन्छ । यसबाट चर्को व्याजदरमा सहकारी तथा अन्य अनौपचारिक माध्यमबाट कर्जा उपभोग गर्ने परीपाटीमा कमी आई औपचारिक बैंकिङ्ग कारोवारमा सर्वसाधरणको पहुँच विस्तार हुने देखिन्छ । साथै, स्थानीयस्तरमा हाल सञ्चालनमा रहेका विभिन्न व्यवसायहरुको विस्तार तथा अन्य सम्भाव्य व्यवसायहरु स्थापना गर्न आवश्यक कर्जाको माग सृजना हुने देखिन्छ । करिब दश हजार जनसंख्या रहेको यो गाउँपालीकामा वाणिज्य बैंकको शाखाको स्थापना हुनु पूर्व “घ” वर्गको इजाजतपत्र प्राप्त एक वित्तीय संस्था र तीन वटा बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा रहेकोले वाणिज्य बैंकको नयाँ शाखाले पनि वित्तीय कारोबारको विस्तार गर्न सक्ने सम्भावना रहेको अनुमान गर्न सकिन्छ ।

समग्रमा नेपाल राष्ट्र बैंकको निर्देशन, सोको कार्यान्वयनका लागि गरिएको निरन्तरको पहल, सम्बन्धित बैंकको इमान्दार प्रयास तथा सहजकर्ताको रुपमा स्थानीय तहले निर्वाह गरेको परिणाममुखि भूमिकाको फलस्वरुप मिक्वाखोला शाखा सञ्चालनमा आउन सम्भव भएको हो । यस बैंक शाखाले प्रवाह गर्ने कर्जा तथा निक्षेप परिचालनको माध्यमबाट विस्तार हुने व्यापार व्यवसायले आन्तरिक उत्पादन तथा स्वरोजगारीको अवसर सृजना गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।


# परिच्छेद ५: पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

समीक्षा वर्षमा यस प्रदेशमा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्ग गरी १०५४ कि.मि. थप सडक विस्तार भई कुल सडक सञ्जाल ५,६४०.५ कि.मि. पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ११८४ कि.मि. थप सडक सञ्जालको विस्तार भएको थियो । समीक्षा वर्षमा पाँचथर जिल्लामा सबैभन्दा बढि १५१.२ कि.मि. तथा ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ११.८ कि.मि.सडक विस्तार भएको छ ।

समीक्षा वर्षमा प्रदेश नं. १ मा दुईवटा जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई कुल ११ मे.वा. विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । २०७८ असार मसान्तसम्ममा प्रदेश नं. १ मा ३१ वटा जलविद्युत आयोजनाबाट कुल २३८ मेगावाट विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

**रेखाचित्र ५.१: जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)**




स्रोत : नेपाल विद्युत प्राधिकरण

समीक्षा वर्षमा प्रदेश नं. १ मा कुल २,९५२ कि.मि. विद्युत प्रसारण तथा वितरण लाइन निर्माण सम्पन्न भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ६,०२९ कि.मि. विद्युत प्रसारण लाइन निर्माण सम्पन्न भएको थियो । २०७८ असार मसान्तमा प्रदेश नं. १ मा कुल ३८,८७२ कि.मि. विद्युत प्रसारण लाइन पुगेको छ । सबैभन्दा बढी ६,६७१ कि.मि. विद्युत प्रसारण लाइन झापा जिल्लामा पुगेको छ भने सबैभन्दा कम २३१ कि.मि प्रसारण लाइन सोलुखुम्बु जिल्लामा पुगेको छ ।

प्रदेश नं. १ मा रहेका १५ वटा आन्तरिक विमानस्थलमध्ये हाल ११ वटा विमानस्थल सञ्चालनमा रहेका छन् ।

### ५.१.२ अर्थतन्त्रमा प्रभाव पार्ने ठूलाआयोजना

- **पुष्पलाल मध्यपहाडी लोकमार्ग**

यस पुष्पलाल मध्यपहाडी लोकमार्गको प्रदेश नं. १ अन्तर्गतको कुल लम्बाई ५७३ कि. मि. रहेको छ । दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ। वि.स. २०६९ बैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८३ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ। वि.स. २०७९ माघसम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगती क्रमशः ६८.० प्रतिशत तथा ६५.० प्रतिशत रहेको छ। यस खण्डमा स्वदेशी र विदेशी गरी कुल ४,२०० कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

त्यसैगरी, यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ। आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १९०.२८ किलोमिटर रहेको छ। आ.व.२०७८/७९ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगती क्रमशः ५२.९ प्रतिशत तथा ५२.७ प्रतिशत रहेको छ। यस खण्डमा स्वदेशी र विदेशी गरी कुल ८३० कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्। यस खण्डको कुल अनुमानित लागत रु.२ अर्ब ८ करोड रहेको छ।

- **मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)**

प्रदेश नं. १ मा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ।

यस लोकमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ। आ.व. २०७६/७७ बाट निर्माणकार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३५ कि.मि. रहेको छ। आ.व.२०८१/८२ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगती क्रमशः १२ प्रतिशत तथा ११ प्रतिशत रहेको छ।

लोकमार्गको **दोस्रो खण्ड** प्रदेश नं. १ को उदयपुर र बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ। कुल लम्बाई १३५ कि.मि. रहेको लोकमार्गको यस खण्डको निर्माण कार्य आ.व.२०७३/७४ बाट प्रारम्भ भई आ.व. २०७७/७८ मा सम्पन्न भइसकेको छ।

- **हुलाकी राजमार्ग**

प्रदेश नं. १ को झापा, मोरङ र सुनसरी तथा प्रदेश नं. २ को सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको यस खण्डको कुल लम्बाई ३१३ किलोमिटर रहेको छ। साथै, यस खण्ड अन्तर्गत २६ वटा पुलहरु रहेका छन्। यस खण्डको निर्माण कार्यको प्रारम्भ आ.व. २०६६/६७ बाट भएको हो। आ.व. २०७९/८० मा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ६५.० प्रतिशत तथा ६१.० प्रतिशत रहेको छ। यस खण्डको कुल अनुमानित लागत रु.१४ अर्ब रहेको छ।

- **उत्तर-दक्षिण (कोशी कोरिडोर) लोकमार्ग**

दक्षिणमा भारतको सिमाना जोगवानी देखि बसन्तपुर, खाँदबारी हुदै नेपालको उत्तरी सिमाना किमाथांका जोडने राष्ट्रिय गौरवको यस लोकमार्गको कुल लम्वाई ३९० कि.मि रहेको छ। हाल यस सडक योजनाको कार्यक्षेत्रभित्र संखुवासभा जिल्लाको खाँदबारी देखि उत्तरी सीमा किमाथांकासम्मको कुल १६२ कि.मि मात्र पर्दछ। आ.व.२०६५/६६ वाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु.१५ अर्ब रहेको छ। आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः २४.० प्रतिशत र २२.१ प्रतिशत रहेको छ।

- **अरुण तेस्रो जलविद्युत परियोजनाको (९०० मेगावाट)**

अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी २ वटा आयोजना रहेका छन् । दुबै आयोजनाको कुल लागत रु.१ खर्ब ४५ अर्ब रहेको छ ।

**अरुण तेस्रो जलविद्युत आयोजनाको** निर्माण कार्य वि.स. २०७५ बैशाखबाट प्रारम्भ भई वि.स. २०८१ माघसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको छ । यस आयोजनामा स्वदेशी र विदेशी गरी कुल २,४५९ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । २०७८ असार मसान्तसम्ममा यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४०.० प्रतिशत र २८.० प्रतिशत रहेको छ ।

**अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी.प्रसारणलाइन निर्माणको** कार्य वि.स. २०७६ माघबाट प्रारम्भ भएको हो । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ११.५ प्रतिशत एवम् १५.७ प्रतिशत रहेको छ । उक्त आयोजनाबाट स्वदेशी र विदेशी गरी कुल ४३४ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

- **कोशी कोरीडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण**

कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–बसन्तपूर–बानेश्वर–तुम्लिङटार) २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेशन र वसन्तपुर - ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन(सव-स्टेशन समेत) गरी तीन वटा आयोजना रहेका छन् ।

कोशी कोरीडोर अन्तर्गत **ईनरुवा–बसन्तपूर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना** सन् २०१६ बाट निर्माण कार्य प्रारम्भ भएको हो । यस आयोजनाको कुल अनुमानित लागत ३ करोड ७३ लाख अमेरिकी डलर रहेको छ । सन् २०२१ सेप्टेम्वरमा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक प्रगति शत प्रतिशत तथा वित्तीय प्रगति ९५.० प्रतिशत रहेको छ ।

कोशी कोरीडोर अन्तर्गत **तुम्लिङटार, बानेश्वर, वसन्तपुर, इनरुवा गरी ४ वटा सवस्टेशनको** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएको हो । यस आयोजनाको कुल अनुमानित लागत २ करोड ५३ लाख अमेरिकी डलर रहेको छ । सन् २०२१ डिसेम्वरमा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक प्रगति ८५.० प्रतिशत तथा वित्तीय प्रगति ८३.० प्रतिशत रहेको छ ।

कोशी कोरीडोर अन्तर्गत **वसन्तपुर - ताप्लेजुङ ढुंगेसाँघु २२० के.भी. प्रसारण लाइन र सव-स्टेशनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो । यस आयोजनाको कुल अनुमानित लागत २ करोड १० लाख अमेरिकी डलर रहेको छ । सन् २०२२ मार्चमा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक प्रगति ८०.० प्रतिशत तथा वित्तीय प्रगति ७५.० प्रतिशत रहेको छ ।

**कुशाहा विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन तथा सवस्टेशन निर्माण** कार्य आ.व.२०७०/७१ बाट प्रारम्भ भएको हो भने आ.व. २०७८/७९ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ । सुनसरी जिल्लामा निर्माण भइरहेको यस आयोजनाको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः २३.८ प्रतिशत तथा २३.५ प्रतिशत रहेको छ ।

- **सोलु कोरीडोर** अन्तर्गत पर्ने १३२ के.भी. प्रसारण लाइन आयोजनाको निर्माण कार्य सन् २०१८ मे बाट प्रारम्भ भएको हो भने सन् २०२१ सेप्टेम्वरमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कुल अनुमानित लागत २ करोड ९० लाख अमेरिकी डलर रहेको छ । यस आयोजना अन्तर्गतका ३०२ वटा टावरमध्ये २९८ वटा टावर तथा ९० कि.मी.

ट्रान्समिसन लाइनमध्ये ८४ कि.मी. लाईनको निर्माण कार्य सम्पन्न भएको छ । २०७८ असार मसान्तसम्ममा यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९९.० प्रतिशत र ९२.४ प्रतिशत रहेको छ ।

- **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना**

यस आयोजनाको निर्माण कार्यको प्रारम्भ आ.व.२०६९/७० बाट भएको हो । कुल लम्बाई ४९ कि.मि रहने यस ६ लेन सडक आयोजनको कुल अनुमानित लागत रु.१० अर्ब रहेको छ। आ.व. २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५.० प्रतिशत तथा ७०.० प्रतिशत रहेको छ ।

- **कोशी-तमोर कोरिडोर सडक**

कोशी तमोर कोरिडोर सडक आयोजनको निर्माण कार्य वि.स. २०७४ फागुनबाट प्रारम्भ भएको हो भने वि.स.२०७८ कात्तिकमा सम्पन्न गर्ने लक्ष्य रहेको थियो । सुनसरी, धनकुटा तथा पाँचथर जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको कुल अनुमानित लागत रु.५ अर्ब २७ करोड रहेको छ । वि.स. २०७८ असार मसान्तसम्ममा यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९५ प्रतिशत तथा ९४ प्रतिशत रहेको छ ।

- **जल यातायात**

सप्तकोशी नदीमा चतरादेखि भोजपुरसम्म करिव १७ कि.मी. लामो जलमार्ग संचालनमा (जलयात्राको लागि करिव २० देखि ३० मिनेट समय लाग्ने) रहेको छ । हाल यस जलमार्गमा ४ वटा कम्पनीले सेवा प्रदान गरिरेहेका छन् । नेपाल पानी जहाज कार्यालयले चतरा देखि तुम्लीङ्गसम्मको ७५ कि.मी. तथा खुवालुङ देखि सुनकोशीतर्फको १० कि.मी. जलमार्गको सम्भाव्यता अध्ययन गरिरहेको छ ।

- **विराटनगर विमानस्थलको विस्तार** तथा स्तरोन्नत्तिको लागि हाल रहेको १२२ विघा जमिनमा थप १२६.४६ विघा जमिन अधिग्रहण गरी विमानस्थलको कुल क्षेत्रफल २४८.४६ विघा पुऱ्याउने लक्ष्य रहेको छ । नेपाल सरकार, मन्त्रिपरिषदले वि.स. २०७७ कात्तिकमा विमानस्थलको धावनमार्ग २,५०० मिटर विस्तार तथा नयाँ टर्मिनल भवनका साथै अन्य भौतिक पूर्वाधार समेतको निर्माण गर्न आवश्यक १,४०० कित्ता जग्गा अधिग्रहण गर्ने निर्णय गरी कार्य अगाडि बढाइ सकेको छ ।

## ५.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- निश्चित मापदण्ड विना पूर्वाधारका आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पूर्व तयारी बिना कार्यान्वयनमा लैजाने हालको परिपाटीलाई बन्द गरी प्रदेशस्तरमा पनि परियोजना बैंकको अवधारणाको अनुसरण तथा कार्यान्वयन गर्नु ।

- भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीय अवरोधको दीर्घकालिन निकास दिनु ।

- स्रोत सुनिश्चित नभई प्रारम्भ गरिएका आयोजनाको निरन्तरताका लागि आवश्यक स्रोत जुटाई तोकिएको समयमा आयोजना सम्पन्न गर्नु ।

- कार्यसम्पादनमा आधारित नतिजामुखी आयोजना व्यवस्थापन गर्नु ।

- भौगोलिक जटिलताका वावजुद जल यातायात सञ्चालन गर्न जलमार्गको पहिचान गर्नु ।

- सरोकारवाला निकायहरु (सडक विभाग, खानेपानी तथा ढलनिकास, दुरसञ्चार तथा विद्युत प्राधिकरण आदि जस्ता) बीच समन्वय गरी पूर्वाधार निर्माण तथा विकासको कार्यलाई निरन्तरता दिनु ।
- वातावरण प्रभाव मूल्याङ्कन (EIA) नगरी शुरु भएका आयोजनाको कार्य तोकिएको समयमा सम्पन्न गर्नु ।
- प्रशारण लाइन तथा सडक विस्तारका क्रममा बन क्षेत्रका रुखहरुको कटानी तथा पानीका प्राकृतिक स्रोत/मुहानमा हुने क्षती न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु ।
- कोरोना भाइरस (कोभिड-१९) संक्रमणको सम्भावित तेश्रो लहरको सामना गर्दै पूर्वाधार निर्माणको कार्यलाई तीव्रता दिनु ।
- सडक पूर्वाधार निर्माणमा चुनौतीपूर्ण भौगोलिक अवस्था अनुकुलको सुरुङ्ग निर्माण, ट्रष्ट ब्रिज निर्माण आदिको लागि आवश्यक प्रविधि तथा मेसिनरी उपकरण भित्र्याउनु तथा विकास गर्नु ।
- पूर्वाधार क्षेत्रमा आवश्यक प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गर्ने प्राविधिक शिक्षालयको स्थापना गर्नु ।
- वार्षिक रुपमा रोजगारीको खोजीमा आन्तरिक श्रमवजारमा प्रवेश गर्ने श्रमिकहरु लाई पूर्वाधारका क्षेत्रमा आकर्षित गर्नु ।
- सार्वजनिक निर्माण सम्बद्ध ठेकेदारको न्यूनस्तरको कार्यसम्पादनको कारण निर्माणाधीन आयोजनाहरु तोकिएको समयमा सम्पन्न नहुने आम प्रवृत्तिको सम्वोधन गर्दै आयोजनाहरुको गुणस्तर कायम गर्नु तथा लागत न्यूनीकरण गरी समुचित नतिजा हासिल गर्नू ।

**सम्भावना**

- तीनै तहका सरकारले सडक सञ्जाल विस्तार तथा मर्मत कार्य गर्न सक्ने बैधानिक व्यवस्था रहेको तथा सरकारको दीर्घकालिन सोचमा सडक सञ्जालको विकास एवम् सुदृढीकरण उच्च प्राथमिकतामा रहेकोले आगामी दिनमा सडक निर्माण, विस्तार तथा सुधारको कार्यले तीव्रता पाउने देखिन्छ ।
- पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्धिपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको प्रमुख चासो रहेकोले आगामी दिनमा पूर्वाधारको विकासमा वित्तीय स्रोतको अभाव नहुने देखिन्छ ।
- जलविद्युत उत्पादनको लागि भौगोलिक अनुकुलता र प्रचुर जलस्रोत रहेको, मुलुककै हालसम्मको सबै भन्दा ठूलो जलविद्युत आयोजना स्वदेशी पूँजी तथा विज्ञतामा निर्माण सम्पन्न भएको, सर्वसाधारणबाट जलविद्युत आयोजना निर्माण गर्न आवश्यक पूँजि जुटाउन समेत सहज हुँदै गएको, अन्तरदेशीय विद्युत प्रसारणलाइन निर्माणको क्रममा रहेको आदि जस्ता कारणले जलविद्युतको उत्पादन तथा निर्यातबाट मुलुकको अर्थतन्त्रमा टेवा पुग्ने देखिएको ।
- निरन्तररुपमा जल प्रवाह हुने नदीहरु रहेको यस प्रदेशमा जल यातायात विकासको प्रचुर सम्भावना रहेको ।

## प्रदेश नं. १ को सरकारी वित्त स्थिति

- आ.व. २०७७/७८ मा प्रदेश नं. १ सरकारले कुल रु.४० अर्ब ८५ करोड बजेट बिनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार आ.व २०७७/७८ मा रु.२७ अर्ब ९८ करोड खर्च भएको देखिन्छ । उक्त रकम कुल विनियोजनको ६८.५ प्रतिशत रहेको छ । चालु खर्चतर्फ विनियोजनको ६३.९ प्रतिशत खर्च भएको छ भने पुँजीगततर्फ ७२.५ प्रतिशत खर्च भएको देखिन्छ ।

| तालिका : ५.१ प्रदेश नं १ सरकारको आ.व. २०७७/७८ वार्षिक प्रगति विवरण | | | |
|---|---|---|---|
| **शीर्षक** (रु.अर्ब) | **बजेट** | **यथार्थ**P | **प्रतिशत** |
| **कुल खर्च** | **४०.८५** | **२७.९८** | **६८.५** |
| चलु खर्च | १८.९३ | १२.०९ | ६३.९ |
| पुँजीगत खर्च | २१.९२ | १५.८९ | ७२.५ |
| **कुल राजश्व** | **१४.७९** | **१२.९६** | **८७.६** |
| **अनुदान प्राप्ती** | **१५.११** | **१७.६१** | **११६.५** |

*स्रोत : बजेट वक्तव्य २०७७/७८ तथा प्र.ले.नि.का, P: प्रारम्भिक*

- प्रदेश नं. १ सरकारले आ. व. २०७७/७८ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु.१४ अर्ब ७९ करोड अनुमान गरेकोमा २०७८ असार मसान्तसम्म रु.१२ अर्ब ९६ करोड राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ८७.६ प्रतिशत हो ।

- आ.व. २०७७/७८ मा प्रदेश नं. १ सरकाले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१५ अर्ब ११ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७८ असार मसान्तसम्म कुल रु.१७ अर्ब ६१ अर्ब अनुदान प्राप्त गरेको छ ।

- यस सम्बन्धी विस्तृत विवरण तालिका २६ मा प्रस्तुत गरिएको छ ।


## प्रदेश नं. १ का स्थानीय तहको आ.व. २०७८/७९ को बजेट

- आ.व. २०७८/७९ मा प्रदेश नं १ मा रहेका १३७ स्थानीय तहले कुल रु.८५ अर्ब ९१ करोडको बजेट विनियोजन गरेका छन् ।

- आ.व. २०७८/७९ मा यस प्रदेशको विराटनगर महानगरपालिकाले रु.४ अर्ब १ करोडको बजेट विनियोजन गरेको छ जुन प्रदेश नं १ का सबै स्थानीय तहको कुल बजेटको ४.७ प्रतिशत हो । त्यसैगरी, इटहरी उपमहानगरपालिकाले रु.२ अर्ब १७ करोड र धरान उप-महागनरपालिकाले रु.२ अर्ब ३ करोडको बजेट विनियोजन गरेका छन् ।

- आ.व. २०७८/७९ मा प्रदेश नं. १ मा रहेका ४६ नगरपालिकाले रु.३७.९६ अर्बको बजेट बिनियोजन गरेका छन् भने ८८ वटा गाँउपालिकाले रु.३९ अर्ब ७३ करोडको बजेट विनियोजन गरेका छन् ।


### रेखाचित्र : ५.२ स्थानीय तहको बजेट आकार (रु.अर्बमा)




स्रोत : सम्बन्धित स्थानीय तह

- आ.व. २०७८/७९ यस प्रदेशको मोरङ जिल्लाका स्थानीय तहले सबैभन्दा बढी रु.१६ अर्ब ७० करोडको बजेट विनियोजन गरेका छन् भने तेह्रथुम जिल्लाका स्थानीय तहले सबैभन्दा कम रु.२ अर्ब ५० करोडको बजेट विनियोजन गरेका छन् ।

### रेखाचित्र : ५.३ स्थानीय तहको जिल्लागत बजेट आकार




स्रोत : सम्बन्धित स्थानीय तह

# परिच्छेद ६: आर्थिक परिदृष्य

## ६.१ कृषि उत्पादन

- अनुकूल वर्षाका कारण समयमै भएको रोपाई, रासायिनिक मलको उपलब्धता, उन्नत बीउ, प्राविधिक सहायता, कृषिमा बढ्दै गईरहेको यान्त्रिकरण आदिका कारण धानको उत्पादन बढ्ने देखिन्छ । तथापि, धानबाली भित्र्याउने समयमा भएको बेमौसमी वर्षा, हावाहुरी तथा बाढीको प्रतिकुल असरका कारण धान उत्पादनको वृद्धिदरमा केही कमी हुने देखिन्छ ।

- हिउदे सिँचाइको प्रर्याप्त पूर्वाधार अभाव,गहुँ खेतीको समयमा रासायिनिक मल अभाव हुने अवस्था रहेको तथा पछिल्ला बर्षमा गहुँको सट्टा मकै वालीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकोले गहुँको उत्पादन घट्न सक्ने देखिन्छ ।

- कृषि सेवामा हुदै गएको विस्तार तथा तुलानात्मक रुपमा उच्च लाभ भएका कृषि उत्पादनको प्रचारप्रसार तथा माग समेत बढेको कारण तरकारी, फलफूल तथा मसलाको उत्पादन बढ्ने देखिन्छ ।

- सरकारले गरेको विभिन्न प्रकारका सहुलियतपूर्ण कर्जा, नगद तथा प्राविधिक अनुदान समेतको व्यवस्था आदि कारणले पशुपालन, माछापालन लगायत व्यावसायिक खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको, ठ'लाकृषि फर्महरुको स्थापनामा भएको वृद्धिका कारण पशुपंक्षि जन्य उत्पादनहरु जस्तैः दूध, अन्डा, माछा, मासुको उत्पादन बढ्ने देखिन्छ ।

- काठ तथा काठबाट उत्पादन हुने फर्निचर सामग्रीको मागमा भएको वृद्धि तथा उच्च मध्यपहाडी भेगमा सडक सञ्जालमा भएको विस्तारका कारण वनक्षेत्रमा पुगेको सहज पहुँचले उक्त क्षेत्रका निजी वनबाट हुने काठ दाउराको कटानी वृद्धि हुने देखिन्छ ।

## ६.२ औद्योगिक उत्पादन

- टायर तथा ट्युव उत्पादन गर्ने उद्योगहरुले प्रविधिको प्रयोगलाई बढावा दिई निरन्तररुपमा क्षमता विस्तारका कार्य गरेकाले आगामी वर्ष यस क्षेत्रको उत्पादन वृद्धिदर उच्च हुने देखिन्छ ।

- तयारी लत्ता कपडा तथा सिन्थेटिक कपडा उत्पादन गर्ने उद्योगहरुको आधार वर्ष प्रभाव(Base Effect) का कारण उत्पादन अत्याधिक वृद्धि भएको देखिएकाले आगामी वर्ष सोही अनुपातमा वृद्धि हुने सुनिश्चितता देखिदैन ।

- कोभिड–१९ महामारीका कारण जारी निषेधाज्ञा खुकुलो हुने क्रमसँगै नाकामा हुने आवतजात समेत सहज हुँदै गएकाले भारतीय श्रमिकहरु काममा फर्कनेक्रम बढेको तथा गन्तव्य मुलुकमा रोजगारीका अवसरमा भएको कमीका कारण यस अघि भारतीय श्रमिकले गर्ने काममा बैदेशिक रोजगारबाट फर्केका श्रमिक आकर्षित हुन सक्ने अवस्था रहेकोले भारतीय श्रमिकमा निर्भर भएका उद्योगहरुको उत्पादन आगामी वर्ष वृद्धि हुन सक्ने देखिन्छ ।

- चालू आ.व.को तेस्रो त्रयमाससम्म कोभिड–१९ महामारी विरुद्धको खोप सबै नागरिकलाई लगाइ सक्ने सरकारको कार्यक्रम रहेकोले कोभिड–१९ महामारीको उद्योग क्षेत्रमा पर्ने असर नगन्य रहने सम्भावना रहेकोले आर्थिक गतिविधिमा बढोत्तरी हुने देखिन्छ ।

## ६.३ सेवा क्षेत्र

- विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीका कारण समिक्षा अवधिमा पर्यटन क्षेत्र अति प्रभावित क्षेत्रको रुपमा रहको थियो । हाल कोभिड-१९ विरुद्धको खोप अभियान तीव्ररुपमा सञ्चालन भइरहेकोले पछिल्लो समय कारोना संक्रमण नियन्त्रण उन्मुख हुदै गएको छ । यसै विच सरकारले विगत १८ महिना देखि बन्द रहेका नाका खोल्ने, पुरा मात्रा खोप लगाएका पर्यटकले क्वारेन्टाइन वस्न नपर्ने तथा विदेशी पर्यटकलाई अनअराइभल भिसा समेत दिने लचिलो व्यवस्था पुनः सुचारु गर सँगै पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

- आगामी चैतमसान्तसम्ममा सबै नागरिकलाई खोप लगाउने नेपाल सरकारको कार्यक्रम रहेकाले यातायात, शिक्षा, स्वास्थ्य आदि सेवा क्षेत्रसँग सम्वन्धित सबै क्षेत्र एकसाथ चलायमान भई सेवा क्षेत्रको योगदान बढ्ने देखिन्छ ।

- समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन भन्दा कर्जा प्रवाहको वृद्धिदर २ प्रतिशत विन्दुले मात्र बढी रहेकोमा कोभिड-१९ विरुद्धको खोप लगायतका उल्लिखित कारणहरुले रोकिएका आर्थिक गतिविधि पुनः सुचारु भई लगानी बढ्ने सम्भावना भएकाले निक्षेपको तुलानामा कर्जाको माग उल्लेख्य रुपमा वृद्धि हुने देखिन्छ ।

## ६.४ पूर्वाधार क्षेत्र

- पूर्व पश्चिम रार्जमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल मध्यपहाडी राजमार्ग तथा उत्तर-दक्षिण जोड्ने मुख्य राजमार्गहरुको विस्तार र स्तरोन्नतीको कार्य निरन्तर जारी रहेसँगै सहायक राजमार्ग तथ ग्रामीण सडकको निर्माण तिब्र रुपमा बढ्ने देखिन्छ ।

- जलविद्युत आयोजनाहरु निर्माण सम्पन्न हुने क्रम बढेसँगै थप भएको उत्पादनलाई धान्ने राष्ट्रिय प्रशारण लाइनको विस्तार एवं क्षमताको स्तरोन्नती कार्य भईरहेकोले विद्युत् आपूर्ति बढ्ने देखिन्छ । साथै, विगतमा जस्तो उत्पादित विद्युत खेर जान नदिन सरकारले विद्युत खपतको माग बढाउने नीति ल्याउने क्रममा रहेकोले विद्युतको खपत समेत बढने देखिन्छ ।

- निर्माण कार्यमा आधुनिक मेशीनरी, उपकरण तथा नवीनतम प्रविधिको प्रयोग बढ्दै गएको, सरकारले निर्माण कार्यमा ढिलासुस्ती गर्ने निर्माण ठेकेदारलाई कालोसूचिमा राखी कारवाही गर्न थालेको, स्रोत सुनिश्चित भएका आयोजनाहरुमात्र अगाडि बढाउने नीतिगत व्यवस्था भएको जस्ता कारणले पूर्वाधार सम्बन्धी आयोजनाहरु कम लागतमा निर्धारित समयमा सम्पन्न हुने दिशामा उन्मुख रहेकोले आगामी अवधिमा पूर्वाधार क्षेत्रको विकास तथा विस्तारको गति वृद्धि हुने देखिन्छ ।